मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर
## The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १६१ ★ ने. सं. ११४६ तछला गा, तृतीया ★ शुक्रबार ★ १९ असार, २०८३ ★ July 3 , 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ४३

**विलजेस कार्कीको कागज व्यहोरा** :

भदौ २३ गते करिब ११:०० बजे संसद् भवन वरपरको प्रदर्शनमा प्रहरीले पानीको फोहरा, टियर ग्यास, लाठीचार्जलगायतका कारबाही गर्न थाल्यो । सो दिन प्रहरी कारबाहीमा ठुलो सङ्ख्यामा प्रदर्शनकारीहरू मारिनुका साथै घाइते पनि भएको सञ्चारमाध्यमबाट जानकारी पाएँ ।

भदौ २४ गते संसद् भवनको सुरक्षामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलसमेत तैनाथ थिए । करीब ११.०० बजेतिर प्रदर्शनकारीहरूले संसद् भवनको पर्खाल फुटाएर भित्र प्रवेश गर्न थाले । त्यसपछि सेना आफ्नो स्थान छाडी फर्कियो । प्रदर्शनकारीहरूले सुरक्षा पोस्ट, ब्यारेक र संसद् भवनमा आगजनी गर्नुको साथै संसद् भवन नजिकैको सडक विभागमा बसेको सशस्त्र प्रहरी बल नेपालको ब्यारेकसमेत तोडफोड तथा आगजनी गरे ।

**सचिन भण्डारीको कागज व्यहोरा**:

२०८२।५।२३ गते दिउँसो बानेश्वर चोकमा स्कूल-कलेज ड्रेसमा धेरै व्यक्ति उपस्थिति थिए । प्रदर्शनकारीहरूले संसद् भवनको पर्खालका केही भाग भत्काए । प्रहरीले लाठीचार्ज गरी अश्रुग्यास प्रहार गर्‍यो । केही समयमा गोली चलेको आवाज सुनियो । भिडले एकजना प्रहरीको आँखा फुटाएको भन्ने पनि सुनेको हो । कालो झन्डा बोकेर मोटरसाइकलमा आएका टीओबी ज्याकेट लगाएका मानिसहरूले उत्तेजना फैलाइरहेका थिए ।

भदौ २४ गते १० बजेतिर म आफ्नो नियमित कामको लागि सस्तो बजार पुगेको हुँ । अन्दाजी १४:३० बजे संसद् भवनमा आगो लगाइदिए भन्ने सुनेपछि मसमेत संसद् भवनतर्फ गएँ । म पुग्दा संसद् भवन दनदनी जलिरहेको थियो । प्रदर्शनकारीहरूले प्रहरीलाई कुटपिट लछारपछार गर्दै थिए । संसद् भवनभित्र प्रहरीको उपस्थिति थिएन, आर्मी थियो तर मूकदर्शक थिए । आन्दोलनकारीहरू गमला, फर्निचरजस्ता सामान लिएर भाग्दै थिए । केही प्रदर्शनकारी पार्किङ गरिएका सवारी साधनहरूमा आगो लगाउँदै थिए ।

**दलराम श्रेष्ठको कागज व्यहोरा** :

२०८२।५।२३ गते बानेश्वर चोकमा स्कूल-कलेज ड्रेसका धेरै व्यक्ति उपस्थिति थिए । प्रदर्शनकारीहरूले संसद् भवनको पर्खाल भत्काउन थालेपछि प्रहरीले लाठीचार्ज र अश्रुग्याँस प्रहार गर्‍यो । गोली चलेको आवाज पनि सुनियो । टीओबी ज्याकेट लगाएका कालो झन्डा बोकेर मोटरसाइकलमा आएका मानिसहरूले भिडलाई उत्तेजित पारिरहेका थिए । प्रदर्शनकारीहरूले भदौ २४ गते अन्दाजी १४:३० बजेको समयमा संसद् भवनमा आगो लगाए । संसद् भवनभित्र प्रहरीको उपस्थिति थिएन, आर्मी थियो तर मूकदर्शक थिए ।

**लोकराज उपाध्यायको कागज व्यहोरा** :

२३ गते बिहान करिब १०:०० बजेतिर म प्रदर्शनमा सहभागी हुन माइतीघर मण्डलामा पुगेको थिएँ । करीब १२:०० बजेतिर सङ्घीय संसद् भवन बानेश्वरको दक्षिण गेटअगाडि सडकमा पुगेँ । सुरक्षाकर्मीहरूले अश्रुग्यास, रबरबुलेट प्रयोग गरेर प्रदर्शनकारीहरूलाई संसद् भवन वरपरबाट हटाउन प्रयास गरे । यसै क्रममा संसद् भवनको दक्षिणतर्फबाट भएको फायरले मेरो बायाँ कोखामा घाउ बनायो । तत्कालै सोहीतर्फबाट फायर हुँदा मेरो बायाँ गोडाभन्दा हल्का तल गोली लाग्यो । साथीहरूले मलाई सिभिल अस्पताल बानेश्वरमा लान सहयोग गरे । सोपश्चात् के भयो मलाई थाहा भएन । भोलिपल्ट अस्पतालले मेरो गोडामा अप्रेसन गरी धातुको गोली निकाली दियो । लगभग ५ दिनको उपचारपछि डिस्चार्ज भई हालसम्म अस्पतालको फलोअपमा छु । २४ गते कुनै व्यक्ति वा समूहले प्रदर्शन भड्काउने उद्देश्यका साथ घुसपैठ गरी विध्वंसात्मक कार्य गरेको जस्तो लाग्छ ।

**आर्यन अधिकारीको कागज व्यहोरा** :

भदौ २४ गते बिहान अन्दाजी १०:३० बजेतिर नख्खु कारागारबाट रवि लामिछाने छुट्दै छन् भन्ने सुनेर म सोही एरियातिर गएको हुँ । करिब दिनको १५:०० बजे रवि लामिछाने चढेको गाडी नख्खु दोबाटो रिङ्गरोडसम्म भिडसँगै गयो । त्यसपछि गाडी भिड छाडेर अगाडि बढ्यो । म भिडको पछि लागेर जावलाखेल चोकसम्म पुगेँ । उक्त स्थानमा २/३ जना प्रदर्शनकारी अश्रुग्यास लागेर ढले । मसमेतले निजहरूलाई साइडमा ल्याई पानी छम्केर होसमा ल्याएको हो ।

साँझ प्रदर्शनकारीहरूले लगनखेल चोकबाट सशस्त्र प्रहरीको एउटा भ्यान नियन्त्रणमा लिए । त्यसपछि भ्यानमा अटेसम्मका मान्छे चढेर जाउलाखेल प्रहरीलाई आक्रमण गर्न आए । करिब १९:००-१९:३० बजेतिर अचानक बत्ती गएर अन्धकार भएको बेला प्रहरीले गोली चलायो । मेरो दाहिने खुट्टाको तिघ्रा, कम्मरको बिचमा र दाहिने हातको नाडीमा गोली लाग्यो । सञ्जय घिसिङसमेतले मलाई उद्धार गरी एउटा घरको गेटमा पुर्‍याए । सञ्जय तामाङको हातमा गोली लाग्यो । प्रहरीको गोली लागेर अर्को एक जना साथी पनि भुइँमा ढले । पछि सञ्जयको दाइको मोटरसाइकलबाट अस्पताल पुगेका हौँ । मेरो शरीरमा लाइभ राउन्ड लागेको रहेछ । म अस्पतालमा ८ दिन उपचार गराएर डिस्चार्ज भएको हो ।


*बाँकी पृष्ठ ८ मा*


## शिक्षकहरूलाई निरन्तर मूल्याङ्कन प्रणालीसम्बन्धी एकदिने तालिम



भक्तपुर, १८ असार । भक्तपुर नगरपालिकाको आयोजनामा नगरभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका प्राथमिक तहका शिक्षक, प्राथमिक तह इन्चार्ज वा कक्षा ४ र ५ मा अध्यापन गराउने शिक्षकहरूका लागि निरन्तर मूल्याङ्कन प्रणालीसम्बन्धी एकदिने तालिम बिहीबार भक्तपुर नगरपालिकाको सभाकक्षमा भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले गुणस्तरीय शिक्षा निर्माणमा सक्षम र दक्ष शिक्षकको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुने बताउनुभयो । "शिक्षक राम्रा भए विद्यार्थी पनि राम्रा हुन्छन्, त्यसैले शिक्षकलाई योग्य र सक्षम बनाउन यस्तो तालिम आवश्यक छ" उहाँले भन्नुभयो ।

प्रमुख प्रजापतिले विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समिति गठन गरी समितिको सिफारिसको आधारमा विद्यालयहरूलाई भौतिक तथा आर्थिक सहयोग उपलब्ध गराउँदै आएको जानकारी दिँदै आगामी बजेटमा विद्यालयहरूमा स्मार्ट बोर्ड व्यवस्थापनलाई समेत समावेश गरिएको उल्लेख गर्दै शिक्षाको गुणस्तर अभिवृद्धिमा नगरपालिका निरन्तर प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँले गुणस्तरीय शिक्षा परीक्षा नतिजाले मात्र निर्धारण नहुने, विद्यार्थीको क्षमता, सीप र व्यवहारले पनि त्यसको मूल्याङ्कन हुने उल्लेख गर्दै शिक्षासँगै संस्कारको विकासमा पनि जोड दिनुपर्ने बताउनुभयो । नगरपालिकाले एसईईमा ४ जीपीए प्राप्त गराउने विद्यालय, विद्यार्थीलाई सम्मान गर्ने कार्यक्रम रहेको अवगत गराउँदै उहाँले विद्यार्थीलाई निरन्तर प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो । "असल गुरु बनेर विद्यार्थीको उज्ज्वल भविष्य निर्माण गर्नु शिक्षकको मुख्य दायित्व हो," उहाँले भन्नुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष एवम् विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिका संयोजक योगेन्द्रमान बिजुक्छेँले शिक्षकहरू अनुसन्धानमुखी हुनुपर्नेमा जोड दिँदै शिक्षणलाई प्रभावकारी र समयानुकूल बनाउन शिक्षकले निरन्तर अध्ययन, अनुसन्धान तथा नयाँ शिक्षण विधि अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

उहाँले सरकारले लागू गरेको नयाँ निरन्तर मूल्याङ्कन प्रणालीले विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दै यस प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षकहरूको सक्रिय भूमिका आवश्यक रहेको बताउनुभयो ।

नगर शिक्षा शाखा प्रमुख साधुराम फुयाँलले सरकारले लागू गरेको नयाँ शैक्षिक नीतिअनुसार आगामी शैक्षिक सत्रदेखि विद्यालयहरूले निरन्तर मूल्याङ्कन प्रणाली अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने बताउँदै नयाँ प्रविधि र नीतिअनुसार सञ्चालन गरिएको यस तालिमले शिक्षकहरूलाई मूल्याङ्कन प्रणाली कार्यान्वयनमा सक्षम बनाउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका सञ्चालनकर्ता रोशनराज तुईतुईले विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो ।

तालिममा सह प्रा. डा. बासुप्रसाद सुवेदीले आन्तरिक मूल्याङ्कनको अवधारणा, उद्देश्य, कार्यान्वयन प्रक्रिया तथा विद्यालयमा अपनाउनुपर्ने व्यवहारिक पक्षबारे प्रशिक्षण तथा सहजीकरण गर्नुभयो ।

## प्रदेशले आफ्नै खुट्टाले टेक्ने प्रयास गरेको खोइ ?

हेटौडा, १८ असार । वाग्मती प्रदेश सरकारद्वारा प्रस्तुत बजेटमाथिको छलफल मङ्गलबार सुरु भयो । आर्थिक मामिलामन्त्री प्रभात तामाङद्वारा प्रस्तुत बजेट वक्तव्यमाथि बुधबार छलफल भएको हो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विगत ८-९ वर्षदेखि नेमकिपाले हरेक सरकारलाई रचनात्मक सुझाव दिँदै शिक्षा, स्वास्थ्य, कृषि, संस्कृति-सम्पदा तथा रोजगारी वृद्धिमा विशेष जोड दिनुपर्ने विचार राख्दै आएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "प्रदेशप्रति जनताका धेरै गुनासा छन् । प्रदेशले आफ्नै खुट्टाले टेक्ने प्रयास गरेको खोइ ? प्रदेश सरकारले आम्दानी बढाउन आयका स्रोतको पहिचान गर्ने तथा बढाउने काम गर्न किन सकेन ? आत्मनिर्भर नबनेसम्म प्रदेशप्रति जनविश्वास बढ्ने छैन ।"


प्रदेश सांसद गोसाईले सन्तुलित विकास तथा अधिकार र सेवाको विकेन्द्रीकरण सङ्घीयताको मूल मर्म भएको चर्चा गर्दै बजेटको कार्यान्वयन पक्ष महत्त्वपूर्ण हुने धारणा राख्नुभयो । हालसम्मको कुनै पनि बजेटको कार्यान्वयन पक्ष र परिणाम अत्यन्त कमजोर रहेको उहाँले चर्चा गर्नुभयो ।

प्रदेश सांसद गोसाईले गरिबी उन्मूलनसम्बन्धी चिनियाँ कम्युनिस्ट पार्टीको अनुभव अत्यन्त प्रेरणादायी हुने चर्चा गर्दै चिकपाको १०५ औँ स्थापना दिवसको शुभकामना दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले सर्वसाधारण नेपाली जनताको अवस्था अत्यन्त कमजोर रहेको चर्चा गर्दै बजेट जनमुखी बन्न नसकेको प्रस्ट पार्नुभयो ।

आर्थिक मामिलामन्त्री प्रभात तामाङले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो । बुधबार नै मन्त्री तामाङले विनियोजन विधेयक पेस गर्नुभयो । त्यसमाथिको छलफल बिहीबार प्रारम्भ हुनेछ । बजेटमाथि छलफल भइरहँदा नेपाली काङ्ग्रेसभित्रको बहादुर सिं लामाको गुटले बहिष्कार गरेको व्यापक चर्चा छ ।

**व्यङ्ग्यचित्र कुना**





**यात्रुहरू मानसरोवर कैलास जाँदै**

रसुवाको रसुवागढी मितेरी पुलबाट मानसरोवर कैलास जान यात्रुहरू चिनियाँ भू-भागमा प्रवेश गर्दै । *तस्बिरः ज्ञानेन्द्र न्यौपाने/रासस*

# सम्पत्ति शुद्धीकरण निवारण (तेस्रो संशोधन) विधेयक पारित

काठमाडौँ, १८ असार । प्रतिनिधिसभाको आजको बैठकबाट सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, २०८३ पारित भएको छ । विधेयकमाथिको दफावार छलफल र अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको जवाफपछि बहुमतले विधेयक पारित गरेको हो ।

विधेयक माथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री डा. वाग्लेले भ्रष्टार, आर्थिक अपराधका विषयलाई कसरी रोक्न सकिन्छ भन्नेमा सार्थक बहस गर्न आवश्यक रहेको बताउनुभयो । उहाँले सम्पत्ति शुद्धिकरणसम्बन्धी मुद्दा १३ निकायले चलाउन सक्ने भन्दै व्यापक छलफलबाट आर्थिक अपराधिक गतिविधि रोक्नुपर्नेमा जोड दिनुभयो ।

"पूर्वाग्रह प्रेरित भएर कसैलाई दुःख दिने नियत राखेर विधेयक ल्याउन खोजिएको भन्ने आरोप छ । यो आरोप झुटो हो । सम्पत्ति शुद्धिकरण जस्तो विषयलाई राजनीतिक अभिष्ट पूरा गर्न दुरूपयोग गर्‍यौँ भने हामी ग्रे लिस्टबाट निष्कन सक्दैनौँ", उहाँले भन्नुभयो, "वैदेशिक क्षेत्रसँग वित्तीय सम्बन्ध नै टुट्ने भएकाले हामी ग्रे लिस्टबाट निष्कनुपर्छ ।"

छलफलमा सांसदहरू गुरूप्रसाद बराल, गणेशबहादुर विश्वकर्मा, कमल सुवेदी, चन्देश्वर मण्डल, यशुदाकुमारी बराल, भरतबहादुर खड्का, पार्वती विक, महेन्द्रबहादुर शाही, हरिमोहन भण्डारी र बलावती शर्माले भाग लिनुभएको थियो ।

**प्रतिनिधिसभाबाट सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक पारित**

त्यस्तै प्रतिनिधिसभाको बिहीबारको बैठकबाट 'सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०८३' पारित भएको छ ।

बैठकमा सोसम्बन्धी भएको दफाबार छलफल, सम्बन्धित मन्त्रीको जवाफ र प्राप्त संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत भएपछि बहुमतबाट विधेयक पारित भएको हो ।

बैठकमा प्रधानमन्त्री बालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले सदनमा विधेयकमाथि दफाबार छलफल गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । अध्यादेशलाई प्रतिस्थापन गर्न उक्त विधेयक सदनमा ल्याइएको हो ।

**(रासस)**

# नमोबुद्धमा पानी प्रशोधन प्रणाली

काभ्रेपलाञ्चोक, १८ असार । काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-४ स्थित जनक माध्यमिक विद्यालयमा इजरायली 'लगुना' प्रविधिमा आधारित सौर्य-ऊर्जाचालित 'अफ-ग्रिड' पानी प्रशोधन तथा पुनःप्रयोग प्रणाली सञ्चालन गरिएको छ ।

नेपालकै पहिलो मानिएको यस परियोजनाले विद्यालयलाई जलवायुमैत्री प्रविधि, दिगो पानी व्यवस्थापन तथा कृषि नवप्रवर्तनको जीवित प्रयोगशालाकारूपमा स्थापित गर्ने अपेक्षासमेत गरिएको छ ।

काठमाडौँ विश्वविद्यालय (केयू)अन्तर्गतको नेपाल प्रविधि नवप्रवर्तन केन्द्र (एनटीआइसी) तथा स्थानीय संस्कृति फार्म्स एण्ड रिसर्च सेन्टरको नेतृत्वमा अमेरिकास्थित मेरिल्यान्ड विश्वविद्यालयको ग्लोबल फ्युचर एलायन्स तथा द अरावा इन्स्टिच्युट फर इन्भाइरोन्मेन्टल स्टडिज इजरायलको सहकार्यमा कार्यान्वयन गरिएको यस परियोजनाले खाद्य-ऊर्जा-पानी अन्तरसम्बन्ध (एफईडब्लु-नेक्सस) को अवधारणालाई व्यवहारमा उतार्दै पानी, ऊर्जा र खाद्य उत्पादनलाई एकीकृत गर्ने जनाइएको छ । साथै, दिगो पानी व्यवस्थापन, जल संरक्षण, नवीकरणीय ऊर्जाको उपयोग तथा जलवायुमैत्री कृषिको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।

परियोजनाको नेपालका लागि इजरायलका राजदूत महामहिम श्मुलिक एरी बासले यसैहप्ता उद्घाटन तथा हस्तान्तरण गर्नुभएको छ । एलायन्सको निर्देशक तथा मेरिल्यान्ड विश्वविद्यालयका प्राध्यापक डा. एमी सापकोटाका अनुसार यस परियोजना तीन वर्षको निरन्तर अनुसन्धान, अन्तर्राष्ट्रिय सहकार्य र अथक प्रयासको परिणाम हो । नेपाल, इजरायल र अमेरिकाका साझेदार संस्थाले सन् २०२३ मा मेरिल्यान्ड विश्वविद्यालयको 'ग्रान्ड च्यालेन्ज' कार्यक्रमअन्तर्गत प्राप्त अनुदानबाट एलायन्सको स्थापना गरिएको सापकोटाको भनाइ छ ।

एलायन्सको उद्देश्य खाद्य, ऊर्जा र पानी सुरक्षालाई सुदृढ बनाउनु, वातावरणीय तथा मानव स्वास्थ्य संरक्षण गर्नु तथा विश्वभर जलवायु उत्थानशीलता अभिवृद्धि गर्नु रहेको जनाइएको छ । सापकोटाका अनुसार लगुना प्रणालीले प्रयोग भइसकेको पानीलाई वैज्ञानिकरूपमा प्रशोधन गरी पुनःप्रयोगयोग्य स्रोतमा रूपान्तरण गर्ने, त्यसै पानीलाई सुरक्षित रूपमा कृषि-सिँचाइमा प्रयोग गरी खाद्य उत्पादन बढाउने तथा सम्पूर्ण प्रणाली सौर्य-ऊर्जाबाट सञ्चालन हुने भएकाले यस खाद्य-ऊर्जा-पानी अन्तरसम्बन्धको उत्कृष्ट व्यवहारिक नमूना बनेको छ ।

नेपाल प्रविधि नवप्रवर्तन केन्द्रका निर्देशक प्रा डा. विमप्रसाद श्रेष्ठ यस स्थापित प्रणालीको विशेष महत्त्व रहेकाले माविस्तरका विद्यार्थीले आधुनिक पानी प्रशोधन प्रविधिलाई केवल पुस्तकमा पढ्ने मात्र नभई प्रत्यक्ष अवलोकन, सञ्चालन, अनुसन्धान तथा प्रयोगात्मक सिकाइ गर्ने अवसर प्राप्त भएको बताउनुहुन्छ । यस्तै विद्यालयलाई भविष्यमा अनुसन्धान, नवप्रवर्तन तथा समुदायका लागि प्रविधि हस्तान्तरणको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको छ ।

संस्कृति फार्म्सका इन्जिनियर श्रीकृष्ण धितालले इजरायलको लगुना इनोभेसन कम्पनीद्वारा विकसित अत्याधुनिक पानी प्रशोधन प्रविधिलाई जनक माविमा नमूना परियोजनाका रूपमा स्थापना गरिएको बताउनुहुन्छ । उहाँका अनुसार यो प्रणाली सञ्चालनको पहिलो वर्ष नियमितरूपमा पानीका नमूना सङ्कलन गरी प्रयोगशालामा परीक्षण गरिने तथा परीक्षणबाट अपेक्षित नतिजा प्राप्त भएपछि उक्त प्रविधि देशभर विस्तार गर्ने लक्ष्य लिइएको छ । **(रासस)**

# 'ब्लू बस' सेवा सञ्चालनको तयारी

काठमाडौँ, १८ असार । आगामी साउन १ गतेबाट काठमाडौँ उपत्यकामा पहिलो चरणमा आठ वटा 'ब्लू बस' सेवा सञ्चालन गर्ने तयारी भएको छ ।

सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत महिलाको सुरक्षित आवागमन सुनिश्चित गर्न सातै प्रदेशमा निःशुल्क उक्त सेवा सञ्चालन गर्ने तयारी गरेको हो ।

पहिलो १०० दिनमा २५ वटा बस सञ्चालन गरिने पूर्वाधार विकास मन्त्रालयका प्रवक्ता रामहरि पोखरेलले जानकारी दिनुभयो । बस सेवा सञ्चालनका लागि साझा यातायातले अर्थ मन्त्रालयमा राय सुझावका लागि पत्राचार गरेको छ । मन्त्रालयबाट सहमति प्राप्त भए पश्चात पहिलो चरणमा साउन १ गतेदेखि बस सेवा सञ्चालन गरिनेछ । प्रारम्भिक चरणमा लगनखेल-बुढानीलकण्ठ रुटमा दुई वटा र थानकोट-नागढुङ्गा-विमानस्थल रुटमा दुई वटा बस सञ्चालन गरिने छ ।

चक्रपथ (रिङरोड) क्षेत्रमा चार वटा बस सञ्चालन गरिनेछन् । जसमध्ये दुई वटा क्लकवाइज र दुई वटा एण्टिक्लकवाइज दिशामा सञ्चालन हुने मन्त्रालयले जनाएको छ । **(रासस)**

# आर्थिक ऐन २०८३ मा व्यवस्था गरिएका कर छुटसम्बन्धी अन्तरक्रिया



भक्तपुर, १८ असार । भक्तपुर उद्योग वाणिज्य सङ्घको आयोजनामा बुधबार आर्थिक ऐन २०८३ मार्फत विभिन्न करमा गरिएका विशेष छुट र अन्य व्यवस्थासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

आन्तरिक राजस्व कार्यालय भक्तपुरको सहकार्यमा आर्थिक ऐन २०८३ मा व्यवस्था गरिएका कर छुटबारे जानकारी गराउने उद्देश्यका साथ सङ्घको सभाहलमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको हो ।

कार्यक्रममा भक्तपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले कर करले होइन, रहरले तिर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सङ्घले हरेक वर्ष आर्थिक ऐनमा उपलब्ध छुट सुविधाहरूबारे जिल्लाका करदाताहरूलाई जानकारी दिन आन्तरिक राजस्व कार्यालय भक्तपुरसँग सहकार्य गरी अन्तरक्रिया कार्यक्रम गर्दै आएको बताउनुभयो ।

आन्तरिक राजस्व कार्यालय भक्तपुरका कर अधिकृत राजेन्द्र कोइरालाले आर्थिक ऐन २०८३ मा व्यवस्था गरिएको विशेष कर छुट, सहुलियत, राजस्वको नयाँ व्यवस्था, करदाताले प्राप्त गर्न सक्ने सुविधाका विषय, कर छुट प्राप्त हुने समयसीमालगायतका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँले समयमै कर विवरण तथा दायित्व पूरा गर्दा करदाताले प्राप्त गर्ने छुट सुविधाका बारेमा स्पष्ट पार्नुभयो ।

कार्यक्रममा सहभागी उद्योगी, व्यवसायी एवं करदाताहरूले कर छुट, जरिवाना मिनाहा, आफूहरूले भोगिरहेका व्यवहारिक समस्याबारे कर अधिकृत कोइरालाले स्पष्ट पार्नुभएको थियो ।

सङ्घका उपाध्यक्ष एवं सङ्घअन्तर्गतको राजस्व उपसमितिका संयोजक दिनेश गोसाई, उपसमितिकी सदस्य सन्ध्या श्रेष्ठ बुद्धाचार्यले आर्थिक ऐनमा व्यवस्था भएका प्रावधानको विषयमा कार्यक्रमबाट करदाताहरू थप स्पष्ट भएको विश्वास व्यक्त गर्दै उपलब्ध कर छुट सुविधाहरूको अधिकतम उपयोग गर्न आग्रह गर्नुभयो ।

# हात्तीपाइले रोग लगाउने परजीवीबारे अध्ययन

काठमाडौँ, १८ असार । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले हात्तीपाइले रोग लगाउने परजीविको अध्ययन सुरु गरेको छ ।

कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्रले हात्तीपाइले रोग लगाउने परजीवी मानिसमा भए/नभएको बारेमा विद्यालय पढ्ने बालबालिकामा अध्ययन सुरु गरेको हो ।

केन्द्रका निर्देशक डा. भीमप्रसाद सापकोटाले इलाम, पाँचथर र तेह्रथुम जिल्लाका २४० विद्यालयका कक्षा १ र २ मा पढ्ने छ र सात वर्ष उमेर समूहका बालबालिकामा अध्ययन सुरु गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार स्वास्थ्यकर्मीले ती विद्यालयमा पुगी बालबालिकाको रगतको नमूना सङ्कलन गरिरहेका छन् । इलाम र पाँचथरमा एक हजार ५७० जना विद्यार्थी र तेह्रथुममा एक हजार ४१० जना विद्यार्थीको रगत निकालेर परीक्षण सुरु गरिएको छ । विद्यार्थीको रगतको नमूना सङ्कलन गर्न ६५ जना स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको जनाएको छ ।

उचेरेरिया ब्याक्रोफ्टी, ब्रुजिया मलायी र ब्रुजिया टिमोरी हात्तीपाइले लगाउने परजीवि हुन् । नेपालमा पाइने गरेको हात्तिपाइले रोगका बिरामी उचेरेरिया ब्याक्रोफ्टी नामक परजीवीबाट मात्र सङ्क्रमित भएको पाइएको केन्द्रका निर्देशक डा. सापकोटाले जानकारी दिनुभयो ।

"ती जिल्लामा रहेका स्थानीयले छ पटक हात्तीपाइले रोग विरुद्धको औषधि खाएपछि हामीले परजीवी छ/छैन अध्ययन गर्दछौँ", उहाँले भन्नुभयो, "यसपटक पनि हामीले त्यस जिल्लाका औषधि नखाएका बालबालिकामा अध्ययन गर्न थालेका हौँ ।"

सन् २०१९ पछि जन्मेका बालबालिकामा केन्द्रले अध्ययन गर्न थालेको हो । देशका ६३ जिल्ला हात्तीपाइले रोगबाट प्रभावित भएको पाइएको छ । निर्देशक डा. सापकोटाले आगामी आर्थिक वर्षमा हात्तीपाइलेको जोखिम रहेका अन्य जिल्लामा पनि अध्ययन गरिने जानकारी दिनुभयो । मसिनो धागो आकारको जुकाको परजीवीको सङ्क्रमणको कारण हात्तीपाइले रोग हुने गरेको छ ।

क्यूलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले स्वस्थ मानिसलाई टोकेपछि यी परजीवी शरीरमा प्रवेश गर्ने र मानिसलाई यो रोग लाग्ने चिकित्सकको भनाइ छ । **(रासस)**

# इङल्यान्ड फिफा विश्वकप अन्तिम १६ मा प्रवेश

काठमाडौँ, १८ असार । इङ्ल्यान्ड फिफा विश्वकप फुटबल २०२६ को अन्तिम १६ मा प्रवेश गरेको छ । एटलान्टा स्टेडियममा आज भएको राउन्ड अफ ३२ अन्तर्गतको खेलमा प्रजातान्त्रिक गणतन्त्र कङ्गोलाई २-१ ले पराजित गर्दै इंग्ल्यान्ड अन्तिम १६ मा प्रवेश गरेको हो ।

डीआर कङ्गोलाई पराजित गर्दै इंग्ल्यान्डको जितमा कप्तान ह्यारी केन नायक बने । उनले इंग्ल्यान्डका लागि दुवै गोल गरे । खेलमा पहिलो अग्रता भने कङ्गोले लियो । खेलको ७ औँ मिनेटमा ब्रायन चिपेङ्गाले गोल गर्दै कङ्गोलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ७५ औँ मिनेटमा डीआर कङ्गोलाई पराजित गर्दै इंग्ल्यान्डका कप्तान केनले गोल गर्दै खेललाई एक एक गोलको बराबरीमा ल्याए । खेलको ८६ औँ मिनेटमा केनले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीलाई दोस्रो अग्रता दिलाए । त्यसपछि दुवै टोलीबाट गोल हुन सकेन । यस हारसँगै कङ्गो विश्वकपबाट बाहिरिएको छ । **(रासस)**

। सम्पादकीय ।

# शैक्षिक गुणस्तर वृद्धि गर्न सबै पक्ष गम्भीर हुनु आवश्यक

थोरै समयमा धेरै काम देखाउन हतारमा गरेको सरकारको अदूरदर्शी निर्णय र काम कारबाहीले जनतामा असन्तोष बढ्नु र नकारात्मक असर पर्नु स्वाभाविक हो। अधिकांश सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्किरहेको बेला सरकारले ढिलो गरी विद्यालय सञ्चालन गर्ने र दुई दिनको बिदा दिने निर्णय गर्‍यो। यसले पढाइमा असर पार्छ। अस्पताल, विद्यालय, कलेज, एम्बुलेन्स, वारुणयन्त्र, सरसफाइ, विद्युत् कार्यालय, खानेपानीजस्ता जनताको जीवनसित सम्बन्धित सङ्घ संस्थामा दुईदिने बिदा दिन नहुने विश्लेषण सरकारले बिदा दिएलगत्तै चर्चामा आएको हो। यी सङ्घ संस्थाहरू जनताका जल्दाबल्दा समस्यासित मात्र सम्बन्धित मात्र होइन जीवनमरण र आगजनीसित पनि सम्बन्धित छन्। दुईदिने बिदाले यी संस्थामा कर्मचारीको अभाव हुन्छ। बिदाकै विषयमा कर्मचारीहरूबिच विवाद हुन्छ। अहिले यस्तो विवाद र झडप स्कूल र अस्पतालमा भइरहेको बेलाबखत सञ्चारमाध्यममा आएको छ।

सरकार आफैले तय गरेको योजना समयमा लागू गर्न नसक्दा नेपाल अहिलेसम्म साक्षर देश बनेको छैन। विद्यालयमा आवश्यक विषय शिक्षकमात्र होइन शैक्षिक सामग्री र भौतिक साधनको अभाव छ। विद्यालयको लागि चाहिने सबै जनशक्ति र स्रोत-साधनको व्यवस्था राजधानी र ठुलठुला सहरमा केन्द्रित विद्यालयमा पनि मात्र होइन दुर्गम या विकट स्थानमा रहेका विद्यालयमा हुनुपर्छ। विद्यालयमा आवश्यक पूर्वाधारहरू तयार गर्नुपर्छ; स्रोत र साधन हुनुपर्छ; जनशक्ति पुग्नुपर्छ। विद्यालयमा रहेका शिक्षकहरू पनि जिम्मेवार हुनुपर्छ; आ-आफ्नो पद र मर्यादाको ख्याल गरी विद्यालय बनाउने, विद्यार्थी जुटाउने र शैक्षिक स्तर उकासिनेतर्फ लाग्नुपर्छ। विद्यालय जाने बाटोघाटो, विद्यालयमा बिजुली, खानेपानी आदिको बन्दोबस्त हुनुपर्छ। विद्यार्थी रहे पनि नरहे पनि, आए पनि नआए पनि वास्ता नगर्ने प्रधानाध्यापक र शिक्षकहरूकै कारणले पनि विद्यालयको शैक्षिक स्तर खस्केको हुनसक्छ।

असार १७ गते प्रकाशित 'कान्तिपुर' दैनिकमा लेखियो, 'कसरी ध्वस्त पारियो सामुदायिक विद्यालय ?' दुर्दशा सामुदायकि विद्यालयमा मात्र होइन, विश्वविद्यालय या उच्च शिक्षालयमा पनि छ। हो, विद्यालयमा राजनीतिक भागबन्डाको आधारमा शिक्षक नियुक्ति गर्नु हुँदैन। राजनीतिक पार्टी, निजी पहुँच, घुस आदिका आधारमा शिक्षक नियुक्ति गर्दा शिक्षकको योग्यतामाथि प्रश्न उठ्न सक्छ। अत: विद्यालयको स्थिति सुधार्न विद्यालयका सबै शिक्षक, व्यवस्थापन समिति, स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवीहरूको उत्तिकै हात हुन्छ। त्यस कार्यमा अभिभावक, स्थानीय जनता र स्वयं विद्यार्थीहरू जिम्मेवार हुनुपर्छ। पढाइप्रति चासो नराख्ने, विद्यालयमा नियमित नपुग्ने, विद्यालय गए पनि बिचमा छोडेर भाग्ने, कक्षमा गफ हाँक्ने, हल्ला गर्ने विद्यार्थीको पढाइ स्तर कसरी उठ्छ ? कति दुर्गम र विकट ठाउँमा विद्यार्थीसँग झोला हुँदैन; झोला भए पनि प्वाल परेको हुन्छ। खुट्टामा जुत्ता हुँदैन; विद्यालय पोशाक हुँदैन; स-साना बालबालिकाले पनि घर-खेतको काम गर्नुपर्ने, गाईवस्तु चर्न जानुपर्ने, गाई गोठ सोहर्नुपर्ने, घाँस काट्न जानुपर्ने बाध्यता हुन्छ। त्यस्ता विद्यार्थीहरूको पढाइ स्तर कसरी हुन्छ ? आफ्ना सन्तानलाई अभिभावकले हेर्ने फूर्सद हुँदैन। कति अभिभावक बिदेसिएका हुन्छन् त कति आफ्नै घरधन्दामा व्यस्त हुन्छन्। यी यावत समस्याले गर्दा पनि विद्यार्थीको शैक्षिक स्तर नभएको आकलन गरिएको छ।

सरकारी विद्यालयको शैक्षिक स्थिति खस्किएकोमा शङ्का छैन। तर, यो सबै सरकारी विद्यालयमा लागू हुँदैन। कति सरकारी या सामुदायिक विद्यालय पनि निजी स्कूलभन्दा राम्रा छन्; शैक्षिक स्थिति पनि राम्रै छन्। विद्यालयको शैक्षिक स्तर राम्रो या नराम्रो हुनुका सबै कारण शिक्षकमात्र होइनन्। विद्यार्थी अनुत्तीण हुनुको सबै दोष शिक्षकको टाउकोमा खन्याएर मात्र हुँदैन। शिक्षकहरू योग्य र विषयविज्ञ हुनुपर्नेमा सन्देह छैन। शिक्षकहरू विद्यालयमा नियमित पुग्नुपर्छ; अध्ययन, अध्यापन गराउनुपर्छ। विद्यार्थीको पढाइमा मतलब नराखी शिक्षक विद्यालयमा नियमित पुग्दैन; पुगेर पनि पढाउँदैन भने विद्यार्थी पढाइमा कमजोर हुनसक्छ। तर, कति विद्यार्थी स्कूलमा नियमित जाँदैनन्; नियमित गएर पनि पढाइप्रति ध्यान नदिई गफिरहन्छन्; चलिरहन्छन्। पढाइमा भन्दा अर्कै विषय र क्षेत्रमा उसको ध्यान गएको हुन्छ अर्थात् दिमाग ठाउँमा हुँदैन। कक्षाकार्य, गृहकार्य नगर्ने, कुनै अभ्यास नगर्ने पढाइप्रति चासो नराख्ने विद्यार्थीको शैक्षिक स्तर स्वाभाविक रूपमा कमजोर हुन्छ। जो जहाँबाट कमजोर भए त्यसको समाधानको उपाय खोज्नुपर्छ। यसमा सबै पक्ष गम्भीर हुनुपर्छ। एकले अर्कोलाई दोष पन्छाएर आफू सज्जन बन्दैन। हरेक गल्ती र कमजोरी सुधार्दै अघि बढ्नुपर्छ। अघि बढेर समस्या सुल्झाउनुपर्छ।

# भेटिकन सिटिजस्तै भक्तपुर नगर

✍ **विश्वमोहन जोशी**

विश्वमा सबभन्दा धेरै अनुयायीहरू भएको इसाई धर्म हो जुन जेसस क्राइस्ट (Jesus Christ) को शिक्षा, उपदेश र जीवनीमा आधारित छ। कालान्तरमा गएर यो इसाई धर्म तीनवटा प्रमुख सम्प्रदायमा विभाजित भयो। ती तीनवटा सम्प्रदायहरू हुन् - रोमन क्याथोलिक चर्च (Roman Catholic Church), इस्टर्न अर्थोडक्स चर्च (Eastern Orthodox Church) र प्रोटेस्ट्यान्टिज्म (Protestantism)। यी तीनै सम्प्रदायका अनुयायीहरूलाई इसाई भनिन्छ। यिनीहरूको सङ्ख्या करिब २.४ अरब भएको मानिन्छ। यिनीहरूमा रोमन क्याथोलिक चर्च (Roman Catholic Church) का अनुयायीहरू मात्र करिब १.४ अरबको सङ्ख्यामा रहेको र तुलनात्मक रूपमा इसाई धर्मका अन्य सम्प्रदायभन्दा यो सम्प्रदाय ठुलो र बढी रुढिवादी तथा परम्परावादी मानिन्छ।

युरोप महादेशको एउटा पुरानो देश इटली (Italy) को राजधानी रोम (Rome) सहरभित्र करिब २ हजार वर्ष पुरानो इतिहास बोकेको भेटिकन सिटी (Vatican City) रहेको छ। यही भेटिकन सिटी (Vatican City) रोमन क्याथोलिक चर्च सम्प्रदायका अनुयायीहरूको चर्चको केन्द्र हो। अर्थात्, विश्वभरिका रोमन क्याथोलिक (Roman Catholic) हरूका मुख्य धार्मिक एवम् सांस्कृतिक केन्द्र नै यो भेटिकन सिटी (Vatican City) हो। यो सम्प्रदायका मानिसहरूलाई सामान्यत: क्याथोलिक (Catholic) भनिन्छ। संसारभरिका क्याथोलिकहरूका धार्मिक नेता एवम् धार्मिक गुरुलाई पोप (Pope) भनिन्छ र पोप (Pope) सुरुदेखि नै यो भेटिकन सिटीमा शासक रहँदै आएको छ। प्राचीन युनानी भाषा (Ancient Greek Language) मा 'Pappas' वा 'पापास' भन्ने शब्दले 'पिता' वा Father भन्ने अर्थ दिन्छ। यही अर्थमा नै अङ्ग्रेजी शब्द पोप (Pope) को निर्माण भएको छ। इसाई धर्मका प्रवर्तक जेसस क्राइस्ट (Jesus Christ) आफैले सेन्ट पिटर (Saint Peter) लाई प्रथम पोपको रूपमा चर्चको नेतृत्व सुम्पेको विश्वास गरिन्छ। पछि आफ्नै किसिमको निर्वाचन प्रणालीबाट पोपको चयन गरियो। एकचोटि निर्वाचित भएको पोप आजीवन नै पोप हुने र उसले चाहेमा स्वेच्छाले आफ्नो पदबाट राजीनामा दिन पनि सक्ने व्यवस्था रहँदै आएको छ।

सुरु-सुरुका पोपहरूका भूमिका धार्मिक नेता र गुरुकै रूपमा मात्रै सीमित रहेको थियो। तर, पछि ईस्वी संवत्को पाँचौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्म अर्थात् मध्यकालभर यी पोपहरू राजनीतिकरूपले पनि शक्तिशाली भई विश्वभरिका क्याथोलिक राज्यहरूमा हस्तक्षेप गर्न थाले। इसाई धर्मका अन्य दुई सम्प्रदाय अर्थात् इस्टर्न अर्थोडक्स चर्च (Eastern Orthodox Church) र प्रोटेस्ट्यान्टिज्म (Protestantism) सम्प्रदायहरूका इसाईहरूले पोपको सर्वोच्चतालाई नमान्ने हुँदा यी सम्प्रदायका इसाई राज्यहरूमा भने उनको खास प्रभाव रहेन। पछि प्रोटेस्टेन्टहरूले गरेको धर्म सुधार आन्दोलन र राष्ट्रवाद एवम् आधुनिक राष्ट्रहरूको उदयले गर्दा क्याथोलिक राज्यहरूमा पनि पोपको राजनीतिक शक्ति र प्रभाव क्षीण हुँदै गयो।

सन् १८७०/७१ मा इटली एकीकरण भएपछि पोपको सम्पूर्ण राजनीतिक प्रभाव (Papal State) को अन्त्य नै भयो। सन् १९२९ मा इटलीका तत्कालीन मुसोलिनी सरकार (Benito Mussolini's Government) र 'होली सी' बिच लाटेरन ट्रिटी (Lateran Treaty) भएपछि मात्र भेटिकन सिटी र पोपको वर्तमान स्तर र हैसियत स्थापित भयो। सम्पूर्ण क्याथोलिक चर्चहरूको सर्वोच्च अध्यात्मिक, धार्मिक एवम् प्रशासनिक संस्थाको नाम हो 'होली सी' (Holy See)। 'भेटिकन' एउटा देश हो भने 'होली सी' त्यहाँको सरकार हो। यसको नेतृत्व पोपले गर्दछ। 'होली सी' को मुख्यालय भेटिकन सिटीमा नै रहेको छ।

सन् १९२९ को लेटेरन ट्रिटी (Lateran Treaty) भएपछि अहिले संसारको सबैभन्दा सानो, सार्वभौमसत्ता सम्पन्न तथा स्वतन्त्र राष्ट्रको रूपमा भेटिकन सिटीको अस्तित्व स्थापित भएको छ। यो पूर्णरूपले इटलीको राजधानी रोम सहरभित्र अवस्थित छ। यसलाई वैधानिकरूपमा भेटिकन सिटी स्टेट ( Vatican City State) भनिन्छ। यहाँको शासन प्रणाली निरपेक्ष राजतन्त्र ( Absolute Monarchy) प्रणालीमा आधारित छ। यसको नेतृत्व पोपले गर्दै आएका छन्। पोप एक व्यक्तिमात्र होइन संस्था पनि हो। पोप अति नै परम्परावादी एवम् रुढिवादी भएकाले सूर्यले पृथ्वीलाई होइन बरु पृथ्वीले सूर्यलाई परिक्रमा गर्दछ भन्ने ग्यालिलियो ग्यालिलेई (Galileo Galilei) को सिद्धान्तलाई सन् १९९२ मा आएर मात्रै तत्कालीन पोप जोन पल द्वितीय (Pope John Paul II) ले विधिवत स्वीकारे। वर्तमान समयमा पोप लियो चौधौँ (Pope Leo XIV) भेटिकन सिटीमा बस्दै आएका छन् र उनले यहींबाट पोपको हैसियतले गर्नुपर्ने सम्पूर्ण कार्यहरू सञ्चालन गर्दै आएका छन्।

यस्तो महत्त्वपूर्ण भेटिकन सिटी ( Vatican City) को सानो वस्तुस्थिति बुझ्नु वा थाहा पाउनु उपयुक्त होला। यसको क्षेत्रफल करिब ०.४४ वर्गकिलोमिटर र जनसङ्ख्या नौ सयदेखि एक हजारसम्म रहेको छ। यहाँ धेरैजसो इसाई धर्म गुरु, कर्मचारी, स्वीस गार्ड ( Swiss Guard) र तिनीहरूका जहान परिवारहरू रहने गर्दछन्। पोपको सुरक्षा, भेटिकन सिटीको प्रवेशद्वारमा पहरा दिन, विशेष धार्मिक तथा राजकीय समारोहहरूमा शान्ति सुरक्षा कायम गर्ने आदि कार्य गर्नका लागि स्वीटजरल्यान्डका सेनाहरूलाई सन् १५०६ देखि अहिलेसम्मै राख्दै आएको छ। यहाँको आधिकारिक भाषा इटली भाषा भए पनि यहाँ पुरानो ल्याटिन भाषा (Latin Language) लाई चर्चका कार्यहरूमा प्रयोग गरिन्छ। यहाँ युरो मुद्रा प्रचलित छ। यहाँको सरकार अर्थात् 'होली सी' (Holy See) ले विश्वका विभिन्न देशहरूसँग कूटनीतिक सम्बन्ध स्थापित गर्दछ। यसले कुनै पनि देशसँग युद्ध गर्दैन। त्यसैले, भेटिकन सिटीलाई शान्तिको प्रतीक मानिन्छ। होली सीकै प्रयासमा सन् १९६४ देखि संयुक्त राष्ट्र सङ्घको महासभामा पर्यवेक्षक सदस्य राष्ट्रको हैसियतले यसले सहभागी हुने अधिकार प्राप्त गरेको छ। त्यहाँ उठेका कुनै पनि विषयवस्तु वा प्रस्तावबारे आफ्नो धारणा एवम् सुझाव यसले प्रस्तुत गर्न सक्दछ तर निर्णयार्थ प्रस्तुत हुने कुनै पनि प्रस्ताव वा विषयवस्तुमा हुने मतदानमा भने यसलाई आफ्नो मतदान गर्ने अधिकार दिइएको छैन। किनभने, भेटिकन सिटीको हैसियत संयुक्त राष्ट्र सङ्घमा केवल पर्यवेक्षक सदस्य राष्ट्रको मात्रै छ। विश्वभरिका क्याथोलिक (Catholic) हरूका लागि यहीबाट पोपले आफ्ना निर्देशन तथा भनाइहरू जारी गर्ने गर्दछ। अन्तर्राष्ट्रिय जगत्मा भेटिकन सिटीको भूमिकालाई स्तरीय र महत्त्वपूर्ण मान्नैपर्दछ।

भेटिकन सिटीको ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व नै गरिमामय छ। करिब २ हजार वर्षको पुरानो इतिहास बोकेको भेटिकन सिटी स्टेटमा धार्मिक एवम् सांस्कृतिक महत्त्वका धेरै कला वास्तुकलाका वस्तुहरू निर्माण भएका छन्। जस्तै:- विश्वमै ठुला चर्चहरूमध्ये एक मानिने प्रसिद्ध चर्च सेन्ट पिटर्स बेसिलिका (St. Peter's Basilica) नामको चर्च यहीं छ। सिस्टाइन च्यापल (Sistine Chapel) नामको चर्चका छत (Ceiling) मा सन् १५०८-१५१२ तिर विश्व प्रसिद्ध कलाकार माइकलेञ्जेलो (Michelangelo) द्वारा कोरिएको 'द क्रियसन अफ एडम' (The creation of Adam) नामको विश्व प्रसिद्ध चित्र पनि यहीं छ। यो चित्रमा ईश्वर आफू स्वयम्ले सर्वप्रथम सृजना गरेको मानव एडम (Adam) लाई जीवन प्रदान गरेको दृश्य चित्रित गरिएको छ। चर्चका अन्यत्र भित्ताहरूमा पनि प्रशस्तै चित्रहरू कोरिएको पाइन्छ। यो सिस्टाइन च्यापल नामको चर्चभित्र रहेका हलहरूमा धार्मिक सभा र प्रार्थनाहरू गरिन्छ जुन विश्वमा अति चर्चित सभा वा प्रार्थनाहरूका रूपमा लिइन्छ। यी केही कलाकृतिहरूका उदाहरणहरूको अतिरिक्त यो सानो भेटिकन सिटी स्टेटभित्र हेलीपोर्ट (Heliport), रेडियो, रेल्वे स्टेसन, बगैँचा, पुस्तकालय, उत्कृष्ट चित्र एवम् मूर्तिहरू भएको म्युजियम, पोपका दरबारहरू, सेन्ट पिटर्स स्क्वायर (St. Peter's Square) नामक खुला स्थान जहाँ पोपको चयन प्रक्रियाका साथै पोपले श्रद्धालुहरूलाई सम्बोधन गर्ने एवम् विभिन्न धार्मिक समारोहहरू सम्पन्न गरिन्छ। यस्ता महत्त्वपूर्ण स्थल एवम् कृतिहरूको भण्डार भेटिकन सिटीलाई नै मान्न सकिन्छ। यहाँका स्वीस गार्डहरूका रङ्गीन पोशाकहरू उत्तिकै आकर्षक र प्रसिद्ध पनि छ। यस्ता अमूल्य कलाकृति संस्कृति भएकोले नै यो सानो भेटिकन सिटीलाई संयुक्त राष्ट्र सङ्घको युनेस्को (UNESCO) ले विश्व सम्पदा क्षेत्र (World Heritage Site) मा समावेश गरेको छ। यी सबै कारणले गर्दा भेटिकन सिटीले विश्वमा प्रख्यात, चर्चित र उच्च महत्त्वको राष्ट्रको सम्मान र मान्यता प्राप्त गरेको छ।

अब हामी भक्तपुर नगर क्षेत्रबारे केही विचार गरौं। यो भक्तपुर नगर आजभन्दा करिब २५००-३००० वर्षदेखि नै किरात कालमा 'खोप्रिङ' नामको एउटा व्यवस्थित बस्तीको रूपमा स्थापित भइसकेको र आजभन्दा करिब १५००-१६०० वर्षअगाडि नै लिच्छविकालमा यस बस्तीले एउटा विकसित र व्यवस्थित सहर बजारको रूपमा 'खोप्रिङ' को नाममा अस्तित्वमा आइसकेको तथ्यले प्रमाणित गरेको छ। राजा आनन्द देवको शासन काल (वि.सं. १२०३-१२२३) मा समस्त नेपालमण्डलकै राजधानी सहरको रूपमा यो भक्तपुर नगर स्थापित भएको थियो। वि.सं. १५३८ मा राजा यक्षमल्लको मृत्युपश्चात् वि.सं. १५४१ देखि विभिन्न समयमा नेपाल उपत्यकाका तीन सहर अर्थात् भक्तपुर, कान्तिपुर र ललितपुर छुट्टाछुट्टै स्वतन्त्र राज्यहरूका रूपमा रहे। त्यतिखेर यो भक्तपुर नगर क्षेत्र भक्तपुर राज्यको केन्द्र वा राजधानीकै रूपमा रहृयो। तत्कालीन काठमाडौं उपत्यकाका तिनै राज्यका मल्ल राजाहरूमात्र होइन तत्कालीन दक्ष जनशक्ति, सर्वसाधारण जनता सबै तिनै राज्यहरूमा कलाकृति संस्कृति, सम्पदा, वास्तुकला, बस्ती निर्माण आदि क्षेत्रहरूमा लागिपरेका थिए। तिनीहरू आफ्नो स्रोत, साधन, ज्ञान-विज्ञान र प्रविधिमा दत्तचित्त भई लागी यी सबै क्षेत्रमा सक्दो उन्नति एवम् विकास गरेका थिए। यो दौडमा भक्तपुरका मल्ल राजाहरू, दक्ष जनशक्ति, ज्ञान-विज्ञान , प्रविधि, स्रोतसाधन र समर्पणमा भक्तपुरका जनता पनि पछि परेका थिएनन्। नेपालको ७७ वटा जिल्लामध्ये सानो जिल्ला भक्तपुर, भक्तपुरका ४ वटा नगरपालिकाहरूमध्ये सानो भक्तपुर नगर जसको क्षेत्रफल ६.८९ वर्ग किमि र जनसङ्ख्या करिब ८० हजार भएकोले आकार प्रकारमा इटलीको भेटिकन सिटीजस्तै भक्तपुर पनि सानो नगर नै हो। १० वटा वडामा विभाजित यो भक्तपुर नगर भौतिक स्वरूपमा अर्थात् क्षेत्रफल र जनसङ्ख्यामा सानो देखिए पनि यस नगरको ऐतिहासिकता, कलाकृति, संस्कृति, सम्पदा, सांस्कृतिक गतिविधि आदिको आधारमा भेटिकन सिटीभन्दा कम देखिँदैन। यहाँ थुप्रै संस्कार र संस्कृतिबिच सहिष्णु भावना पाइन्छ। हिन्दू, बौद्ध, इस्लाम, इसाई धर्मावलम्बीहरू भए तापनि बहुमत हिन्दू धर्मावलम्बीहरूकै भए पनि यी विभिन्न धर्मावलम्बीहरू आफ्नो धार्मिक, सांस्कृतिक एवम् सामाजिक जीवन सरलताका साथ बिताइरहेका छन्। यहाँ सूर्यमढी, तचपाल, टौमढी, नासमनाजस्ता खुला स्थानहरू छन्। वाकुपति नारायण, टौमढीको नारायण चोक, तलेजु मन्दिरभित्रका विभिन्न चोकहरूका साथै थुप्रै बहाबहीहरू पाइन्छन् भने मस्जिद र थोरै चर्चहरू पनि छन्। युनेस्कोको विश्व सम्पदा क्षेत्रमा समावेश भएको भक्तपुर दरबार क्षेत्र, सिंह ध्वाखा दरबार, पचपन्न झ्याले दरबार र अन्य दरबारहरू मात्र होइन थुप्रै मठ, शिवालय, देवालय, मन्दिर, देवी-देवता, मानव, पशुपक्षी आदिका प्राचीन मूर्तिहरू, चैत्य, बिहारहरू मात्र होइन पोखरी र परम्परागत शैलीमा रहँदै आएका टोल बस्तीहरू धेरै छन्। जात्रा

बाँकी पृष्ठ ७ मा


भक्तपुर सहर


भेटिकन सिटि

# स्वतन्त्रताका लडाकु प्याट्रिस इमेरी लुमुम्बा -२

जनताको दबाबको अगाडि उपनिवेशवादीहरू झुक्न बाध्य भए । १३ जनवरी, १९५९ को दिन बेल्जियमको राजा बाउडोविन (Baudowin) ले कङ्गोली जनतालाई स्वाधीनता दिने एक अस्पष्ट आश्वासन दिए ।

तर, लुमुम्बा र उनका समर्थकहरूले आफ्ना प्रयत्नहरूलाई दिन दुगुना रात चौगुनाले त्यही समयमा धेरै सहर र जिल्लाको भ्रमण गर्दै जनसभा एवं प्रदर्शनहरू गरे तथा आफ्नो दलको प्रान्तीय र जिल्ला समितिहरू पनि गठन गर्दै गए । त्यो एक प्रकारको विजय यात्रा थियो । कङ्गोको दक्षिण-पूर्वको एक नगर इलिजावेथभिली (Elizabethville) मा शोम्बे (Tshombe) भन्ने उपनिवेशवादी समर्थक नेताको कोनाकट दल (Konakat Party) को आधार क्षेत्र थियो । त्यहाँ खनिज युनियन (Union Miniere) को बलियो गढ थियो । त्यहाँ लुमुम्बाको भाषण सुनेपछि उपनिवेशवादीहरूको कठपुतली शोम्बेप्रति स्रोताहरूले घृणा गर्न थाले । त्यसबेला लुमुम्बाको भाषणको सिद्धान्तको सार नै कङ्गोको तत्काल र बिनासर्त स्वाधीनता थियो । अप्रिल १९५९ मा लुलुआवर्ग (Luluaburg) भन्ने ठाउँमा कङ्गोली राजनैतिक पार्टीहरूको एक महाधिवेशन भयो । त्यहाँ पनि उनले तत्काल स्वाधीनताको मागलाई पारित गर्न जोड गरे तथा १ जनवरी १९६१ मा कङ्गोली सरकार घोषणा गर्ने प्रस्तावलाई बैठकबाट एक मतले पारित गराए ।

अक्टोबर १९५९ मा कङ्गो राष्ट्रिय आन्दोलन (CNM) अर्थात् लुमुम्बाको दलको महाधिवेशन उत्तरी प्रान्तको राजधानी स्टेन्लीभिलीमा भयो । त्यहाँ महाधिवेशनले लुमुम्बाको नेतृत्वमा कङ्गोलाई तत्काल स्वाधीनता प्रदान गर्न कङ्गोली र बेल्जिमेली प्रतिनिधिहरू ढिलो नगरी बैठक बस्नुपर्ने प्रस्ताव पारित गर्‍यो । पारित प्रस्तावहरूमध्ये एउटा प्रस्ताव अधिकारीहरूलाई अफ्रिकीकरण गर्नु थियो । कङ्गो राष्ट्रिय आन्दोलन (CNM) को दृढ अडान र मागको कारण बेल्जिमेली औपनिवेशिक अधिकारीहरू तर्सेर तिनीहरूले जानाजानी अशान्ति र अव्यवस्था भड्काए । बेल्जिमेली सेनाका अधिकारीहरूले कङ्गोलीहरूको एक हुलमाथि गोली वर्षा गरे तथा त्यसमा केही कङ्गोलीहरू हताहत भए । केही दिनपछि लुमुम्बालाई विद्रोह 'भड्काएको' आरोपमा पक्राउ गरी कारागारमा चुने । तर, दमनले सजिलै कङ्गोली जनताको स्वाधीनताको छिटछिटो बढिरहेको आन्दोलन रोक्न सक्ने कुरै थिएन । लुमुम्बाको पक्राउले जनता तर्सिनुको सट्टा झन् दृढ सङ्घर्ष चर्किन थाल्यो ।

कङ्गोका प्रगतिशील जनताको दबाब तथा तत्काल स्वाधीनताको मागको देशव्यापी ज्वारसँग जुध्न बेल्जिमेली सरकारले स्वाधीनता प्रदान गर्न, संविधान र भविष्यको राज्यको स्वरूप निर्धारण गर्न जनवरी १९६० को अन्तमा कङ्गोली राजनैतिक नेताहरूसँग 'सर्वदलीय सम्मेलन' (Roundtable Conference) गर्ने घोषणा गर्‍यो । तर, लुमुम्बा जेलमा थिए । १८ जनवरी १९६० को दिन हतकडी लगाएर उनलाई गुप्तरूपले स्टेन्लीभिलीबाट जाडोट्भिली (Jadotville) लगिए । जाडोट्भिली कटाङ्गा प्रान्तको महत्त्वपूर्ण औद्योगिक केन्द्र र मुख्य खानी युनियन (Union Miniere) को गढ थियो ।

बेल्जिमेली अधिकारीहरूले लुमुम्बाबिना नै 'सर्वदलीय सम्मेलन' गर्न खोजेका थिए । तर, उनको अनुपस्थितिमा कङ्गोको भविष्यबारे निर्णय गर्न खोज्नु असम्भव थियो । जाडोट्भिलीमा लगिएको दुई दिनपछि नै उनी फेरि बेल्जियमको राजधानी ब्रुसेल्स (Brussels) मा विमानद्वारा लगिए । त्यहाँ वार्ता सुरु भइसकेको थियो ।

सर्वदलीय सम्मेलनमा कङ्गोलीहरूको तर्फबाट थरीथरीका प्रतिनिधिमण्डलहरूले भाग लिएका थिए । बेल्जिमेलीहरूले प्रगतिशील प्रतिनिधिहरूभन्दा 'शिष्टहरू' (Moderates) धेरै ठूलो सङ्ख्यामा बन्दोबस्त गराएका थिए । ८१ कङ्गोली प्रतिनिधिहरूमध्ये 'राष्ट्रिय प्रगति पार्टी' (National Progress Party-NPP) का २२ जना सदस्य थिए । त्यो पार्टीलाई औपनिवेशिक अधिकारीहरूबाट औपचारिकरूपले नै आर्थिक सहयोग गरिएको थियो भने उपनिवेशिवादीहरूको दृष्टिकोण अघि सार्थ्यो । बेल्जिमेली उपनिवेशवादीहरूले आफ्नै सर्तहरू थोप्ने आशा गरेका थिए । तर, लुमुम्बाको उपस्थितिले तिनीहरू निराश भए । ३० जून, १९६० को दिन कङ्गोको स्वाधीनता घोषणा गर्ने गरी सम्मेलनको समापन भयो ।

सन् १९६० को वसन्त ऋतुभरि नै प्याट्रिस लुमुम्बा कङ्गोको पहिलो संसद्को निर्वाचनको तयारीमा व्यस्त रहे । १७ देखि १९ मईमा भएको निर्वाचनमा लुमुम्बाको कङ्गो राष्ट्रिय आन्दोलन (CNM) ले अत्यधिक स्थानहरू प्राप्त गर्‍यो । कङ्गोका अरु दलहरूले भन्दा बढी उनको दलले ३४ स्थान हासिल गर्‍यो । आफ्ना मित्र दलहरूमा अफ्रिकी ऐक्यबद्धता पार्टी (African Solidarity Party-ASP), सीएफआरईए (CFREA), बालुवाकाट (Balubakat) र अन्य दलहरू थिए । अफ्रिकी ऐक्यबद्धता पार्टी (ASP) का नेता आन्टोनी गिजेंगा (Antoine Gizenga) थिए । कङ्गो राष्ट्रिय आन्दोलनले संसद्मा बहुमत प्राप्त गर्‍यो तथा लुमुम्बालाई पहिलो कङ्गोको सरकार निर्माण गर्न विश्वासको मत प्राप्त भयो ।

**स्वाधीन कङ्गो**

३० जून, १९६० को दिन कङ्गोका जनताको निम्ति एक ऐतिहासिक दिन थियो । प्याट्रिस लुमुम्बाले देशको स्वाधीनताको घोषणा गरे । कङ्गो सार्वभौम गणतन्त्रको सरकार प्रमुखको रूपमा उनको पहिलो भाषणलाई जनताले सान्है उत्साहपूर्वक ग्रहण गरे । उपनिवेशवादीहरू भने त्रास र भ्रममा परे । एक सच्चा देशभक्त र आफ्नो देशको सुखको अत्यन्त इच्छा राख्ने नेताको रूपमा प्याट्रिस लुमुम्बाले त्यस दिन कङ्गोमा सदाको लागि औपनिवेशिक दासता अन्त भएको घोषणा गरे ।

३० जून, १९६० को दिन कङ्गोको स्वतन्त्रताको घोषणामा प्याट्रिस लुमुम्बाले भने, "कङ्गोको स्वाधीनता सम्पूर्ण अफ्रिकी महादेशको मुक्तितिरको एक निर्णायक पाइला हो ।"

"दृढतापूर्वक राष्ट्रिय अर्थतन्त्रको निर्माणको कार्यमा लाग्न र हाम्रो आर्थिक स्वाधीनता सुनिश्चित गर्न म सारा कङ्गोली नागरिकहरू, सज्जन, महिला एवं युवाहरूलाई आह्वान गर्दछु ।"


**१९६० हाम्रो वर्ष**


२५ अगस्ट १९६० को दिन लियोपोलभिली (Leopoldville) मा सम्पूर्ण अफ्रिकी सम्मेलन भएको थियो । त्यस सम्मेलनको उद्घाटन भाषणमा उनले भने, "१९५८ डिसेम्बरमा आक्रा (Aecra) मा भएको पहिलो अफ्रिकी जनताको सम्मेलनदेखि हाम्रो महादेशको मुक्तिको सम्पूर्ण बाटोमा हामीले अनेक बाधा-व्यवधान खप्यौं ।"

आक्राको सम्मेलनपछि अङ्गोला, अल्जेरिया, कङ्गो, केन्या, मोजाम्बिक, न्यासालायन्ड (Nyasaland) र रोजेशिया तथा आज रुआन्डा-उरुन्डीका जनताको मुक्ति सङ्घर्षको ज्वारलाई तपाईंहरू सम्झनुहोला ।

सम्मेलनले एक शिखर सम्मेलनको तयारी गरी तलका विषयहरूमा ध्यान दिने थियो -

१) सम्पूर्ण अफ्रिकी शिविरको व्यापक सङ्घर्षमा सारा अफ्रिकी राज्यहरूको बिनासर्त समर्थन,
२) साँचो स्वाधीनताको प्राप्तिको उद्देश्यको निम्ति तटस्थताको नीति,
३) सांस्कृतिक आदानप्रदानबाट औपनिवेशिक बाधा अवरोधहरूलाई हटाउने,
४) अफ्रिकी राज्यहरूबिच व्यापार सम्झौताहरू,
५) युरोपेली साझा बजारप्रति अफ्रिकाको स्थिति,
६) सैनिक-सहकारी,
७) सम्पूर्ण अफ्रिकी राज्यहरूको सहयोगमा लियोपोल्डभिलीमा एक शक्तिशाली रेडियो स्टेसनको निर्माण गर्ने,
८) लियोपोल्डभिलीमा एक अनुसन्धान केन्द्र स्थापना गर्ने ।





त्यस भाषणमा प्याट्रिस लुमुम्बाले बेल्जिमेली साम्राज्यवादी शक्ति र मुक्तिका शक्तिहरूबिच सङ्घर्ष भइरहेको र कङ्गोको सङ्कटको उल्लेख गरेका थिए । त्यसबारे संयुक्त राष्ट्र सङ्घप्रति उनले विश्वास जाहेर गरेका थिए । उनले भ्रातृत्वपूर्ण समर्थनको निम्ति राष्ट्रपति बोर्गुइबा (Bourguiba), महामहिम मोहमद पाँचौं (His Majesty Mohammed V), राष्ट्रपति सेकु तुरे (Sekou Toure), राष्ट्रपति ट्युबमान (Tubman), राष्ट्रपति एनक्रुमा (Nkrumah) र राष्ट्रपति नासीर (Nasser) तथा महामहिम हेल सीलासी (His Majesty Hails Selasie) को निमन्त्रणालाई भौतिक असुविधाको कारण उत्तर दिन नसकेकोमा दुःख प्रकट गरे ।

**कटाङ्गा एक झूटा समस्या**

३१ अगस्ट, १९६० को दिन लियोपोल्डभिलीमा भएको अखिल अफ्रिकी सम्मेलनको समापन भाषणमा प्याट्रिस लुमुम्बाले भने, "उपनिवेशवादीहरूले एक झूटा समस्या खडा गरेका छन् । तपाईंहरूलाई पनि थाहा छ त्यो कटाङ्गा (Katanga) नाटक हो, त्यसले हाम्रो राष्ट्रिय स्वाधीनताका विध्वंशकारीहरूको सम्पूर्ण सदरमुकामलाई लुकाएको छ । आफ्नो भाषणमा उनले कटाङ्गा समस्या पूरै नियोजितरूपले गरिएको व्यवस्थित प्रचारहरूबाट प्रस्ट भएको बताए । त्यसबारे न्युयोर्कमा संयुक्त राष्ट्र सङ्घलाई राम्रो अवगत गराएको बताए ।

१९६० अगस्ट महिनामा कङ्गोली युवाहरूको माझमा युवाहरूका लडाकु भावना, देशभक्ति, उपनिवेशवादविरोधी सङ्घर्षलाई उच्च मूल्याङ्कन गरे । ४ जनवरीको दिन लियोपोल्डभिली (LeopoldVille) मा आक्रमणको विरोधमा गरेको युवा प्रतिरोधको उनले प्रशंसा गरे ।

उनले कङ्गोका युवाहरू पार्टीगतरूपले होइन बरु कङ्गोली नागरिकको रूपमा सरकारले ३०० युवाहरूलाई संरा अमेरिका, १५० जना सोभियत सङ्घमा र २० जना क्रिमिया (Crimea) र अन्य देशमा अध्ययन गर्न पठाउने बताए ।



**जुलाई १९६० मा प्रेस वक्तव्य**

लियोपोल्डभिलि (Leopoldville) मा विदेशी प्रेस सङ्गठन (Foreign Press Association) मा प्याट्रिस लुमुम्बाले दिएको प्रेस वक्तव्यमा भने, "कङ्गो बेल्जियमसँग समानताको सिद्धान्तमा घनिष्ठ र सहयोग गर्न तयार छ, तर हाम्रो देशको मालिक साम्राज्यवादीहरूलाई बनाउन हामी तयार छैनौं ।"

२८ जुलाई १९६० को दिन वासिङटनमा प्याट्रिस लुमुम्बाले सोभियत समाचार संस्था तास (Tass) को संवाददातालाई एक अन्तर्वार्ता दिए ।

प्रश्न थियो, "संरा सङ्घको सुरक्षा परिषद्ले तत्काल कङ्गोबाट आफ्नो सेना बेल्जियमबाट फर्काउनुपर्ने निर्णयबारे तपाईंको के राय छ ?" उनको उत्तर थियो, "१४ जुलाईको दिन सुरक्षा परिषद्ले बेल्जिमेली सेना फिर्ता लिने निर्णय गर्‍यो र संरा सङ्घले आफ्नो सेना कङ्गो पठायो । तर, बेल्जिमेली सेनाले कङ्गोको हजारौं राष्ट्रिय सेनाका जवानहरू र सयौं कङ्गोली नागरिकहरूलाई गोली हानेर मार्‍यो । पश्चिमी देशहरूले कङ्गोबाट उपनिवेशवादी बेल्जिमेली हटाउनेबारे एक शब्द बोलेनन् र एकजना पनि बेल्जिमेली सेना फर्काएको छैन ।"

सुरक्षा परिषद्ले जुलाई १४ र २२ मा आधा मनले मात्र बेल्जियमलाई आफ्नो सेना फिर्ता लान निर्णय गरेको थियो । कङ्गोसित बेल्जिमेली सेनालाई फर्काउन सक्ने हातहतियार थिएन ।

अर्को प्रश्न थियो, कटाङ्गा (Katanga) को स्थिति कस्तो छ ? सोम्बे (Tshombe) ले भर्खरै घोषणा गरेको तथाकथित हुटनेबारे तपाईंको के राय छ ?

उत्तर थियो, कटाङ्गाको समस्या कहिल्यै थिएन । साम्राज्यवादीहरू यस देशको सम्पदा शोषण गरिरहन चाहन्छन् । उपनिवेशहरूमा साम्राज्यवादीहरूको आ-आफ्ना दलालहरू हुन्छन् । खास गरेर सोम्बे बेल्जिमेली साम्राज्यवादीहरूको दलाल हो । उसले भनेको र उसले लेखेको भनाइ उसका होइनन् । ऊ त खाली बेल्जिमेली उपनिवेशवादीहरूको थुतुनो हो । ऊ पहिलेका कङ्गोका उपनिवेशवादी कम्पनीहरूको व्यापारी हो । ऊ एक भ्रष्टाचारी (Zoo Chontion) र बैङ्क घोटाला (Overdropts) गर्ने व्यक्ति हो भन्ने कुरा थोरैलाई थाहा छ । ऊ एक करोड बेल्जिमेली फ्रैङ्क (Ten million Belgian francs) भन्दा बढीको मालिक हो । उसमाथि मुद्दा चलाइने भएको थियो । तर, परिस्थितिअनुसार बेल्जिमेलीहरूले उसलाई 'माफी' दिए र त्यसबेलादेखि ऊ तिनीहरूको आदेश पालन गर्ने आज्ञाकारी भयो ।

**जनता सरकारको पक्षमा**

५ सेप्टेम्बर १९६० मा प्याट्रिस लुमुम्बाले एक रेडियो सन्देश दिए, 'भर्खरै राष्ट्रप्रमुख जोसेफ कासभुवु' (The head of State Mr. Joseph Kasavubu) ले राष्ट्रिय रेडियोमार्फत मैले नेतृत्व गरेको सरकार भङ्ग गर्नुपर्ने बताएको छ ।

यो सूचनालाई म सरकार र सम्पूर्ण राष्ट्रको तर्फबाट औपचारिकरूपले अस्वीकार गर्छु ।

राष्ट्रप्रमुखसँग यसबारे सरकारसँग कुनै कुराकानी भएको छैन । यो सरकार लोकतान्त्रिक ढङ्गले राष्ट्रले चुनेको सरकार हो र संसद्मा सर्वसम्मत विश्वासपात्र छ । जनताको विश्वास गुमेपछि मात्रै सरकारलाई भङ्ग गर्न सक्छ । आजसम्म सरकारमाथि जनताको विश्वास प्राप्त छ र सम्पूर्ण जनताको समर्थन छ ।

**कम्युनिस्टको आरोप**

३२ जुलाई १९५० को दिन एक फ्रान्सेली प्रचारमाध्यम (France–Soir) को संवाददातालाई एक अन्तर्वार्तामा प्याट्रिस लुमुम्बाले भने, "यो एक प्रचारबाजी हो । म कम्युनिस्ट होइन । म एक क्रान्तिकारी हुँ । हाम्रो मानवीय प्रतिष्ठालाई अस्वीकार गर्ने उपनिवेशवादी शासन उखेल्न माग गर्ने भएको हुँदा उपनिवेशवादीहरूले देशभरि मेरो विरोधमा प्रचार गरेका हुन् । साम्राज्यवादीहरूको घुसलाई मैले अस्वीकार गरेको हुनाले तिनीहरूले मलाई कम्युनिस्ट देखेका हुन् ।"

न्युयोर्क टाइम्स (The New York Times) का संवाददाता टोम ब्रेडी (Tom Brody) सँगको कुराकानीमा प्याट्रिस लुमुम्बाले संयुक्त राष्ट्र सङ्घमा जान संरा अमेरिकासँग हवाईजहाज मागेका थिए, अमेरिकाले हवाईजहाज नदिएपछि सोभियत सङ्घसँग हवाईजहाजमा प्याट्रिस लुमुम्बा संयुक्त राष्ट्र सङ्घको बैठकमा गएपछि पश्चिमी शक्तिहरूले उनलाई कम्युनिस्ट भन्न सजिलो भयो ।

साम्राज्यवादीहरूले राजनैतिक स्वतन्त्रता अफ्रिकी जनताकै हातमा सुम्पे पनि अर्थतन्त्र, सेना र कर्मचारी संयन्त्र सुम्पदैनन् । अर्थतन्त्र स्वाधीन जनताको हातमा नपुगेसम्म प्राप्त स्वतन्त्रता र स्वाधीनता नामको मात्र हुने तथा देश र जनताको उन्नति गर्न सकिँदैन । यसकारण, अनुभव नभएका, जनता पूरै सचेत भई नसकेका नवस्वाधीन देशहरूमा आर्थिकरूपले स्वाधीन हुन खोज्नासाथै सेना, प्रशासनयन्त्र र आफ्ना पिछलग्गू राजनैतिक ठग र विश्वासघातीहरूमार्फत देशभक्त नेता, राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूलाई शारीरिकरूपमा हत्या गर्न सैनिक विद्रोहहरू गर्ने गर्छन् ।

*स्रोत : मजदुर-किसान, २०६९ भदौ-असोज*



इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रको राजधानी इर्बिलमा कुर्दिस्तान कम्युनिस्ट पार्टीको ३३ औं स्थापना दिवसको अवसरमा आयोजित एक समारोह जुलाई २, २०२६ का दिन ।

*तस्बिर : रिगे कुर्दिस्तान*

# वार्तामा खामेनीको स्वीकृति रहेको पेजेस्कियानको दाबी

तेहरान, २ जुलाई (एएनआई) । इरानी राष्ट्रपति मसुद पेजेस्कियानले संयुक्त राज्य अमेरिकासँग भइरहेको अप्रत्यक्ष वार्ता देशको सर्वोच्च नेतृत्वको स्पष्ट स्वीकृति र निर्देशनअनुसार अघि बढिरहेको बताउँदै सरकारले कुनै पनि निर्णय एकल रूपमा नगरेको स्पष्ट पार्नुभएको छ । वार्तालाई लिएर धार्मिक नेतृत्वको अनुमति नलिइएको भन्ने आलोचनालाई उहाँले अस्वीकार गर्नुभयो ।

इस्लामिक विकास समन्वय परिषद्को स्मारक मुख्यालयका अधिकारीहरूसँगको भेटमा पेजेस्कियानले सरकारले इस्लामिक गणतन्त्रको निर्णय प्रक्रियाअन्तर्गत तथा नयाँ सर्वोच्च नेता मोजताबा खामेनीको रणनीतिक निर्देशनमा मात्रै काम गरिरहेको बताउनुभयो । उहाँले नेतृत्वले वार्ता नगर्न निर्देशन दिएको भए सरकारले त्यसको पूर्ण पालना गर्ने स्पष्ट पार्दै नेतृत्वको अनुमतिबिनाको कुनै कूटनीतिक पहल सम्भव नरहेको उल्लेख गर्नुभयो ।

पेजेस्कियानका अनुसार सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद् (एसएनएससी) मा सर्वोच्च नेताले तय गरेको प्रक्रियाअनुसार परिषद्का कम्तीमा तीनचौथाइ सदस्यको समर्थन भएमा मात्रै वार्तालाई अगाडि बढाउने व्यवस्था छ । उहाँले १३ सदस्यीय परिषद्मध्ये १२ जनाले वार्ताको पक्षमा मतदान गर्दै त्यसलाई सक्रिय रूपमा समर्थन गरेको जानकारी दिनुभयो । सरकारले चालेका सबै कदम राष्ट्रिय रणनीति र स्वीकृत नीतिअनुसार नै अघि बढाइएको उहाँको भनाइ थियो ।




यो अभिव्यक्ति लामो समय सर्वोच्च नेता रहनुभएका आयतोल्लाह अली खामेनीको हालै निधनपछि इरान सङ्क्रमणकालीन राजनीतिक अवस्थाबाट गुज्रिरहेका बेला आएको हो । देशमा राजकीय अन्त्येष्टिको तयारी भइरहेका बिच कतारको दोहामा अमेरिकी र इरानी प्रतिनिधिबिच अप्रत्यक्ष वार्ता जारी रहेको छ ।

कतार र पाकिस्तानको मध्यस्थतामा दुवै पक्षबिच छुट्टाछुट्टै चरणमा वार्ता सम्पन्न भएको छ । कतारका विदेश मन्त्रालयका प्रवक्ता माजेद अल अन्सारीले १४ बुँदे इस्लामाबाद समझदारी ज्ञापनपत्रका सन्दर्भमा सकारात्मक प्रगति भएको पुष्टि गर्नुभयो ।

दोहा वार्ता स्विट्जरल्यान्डको लेक लुसर्न शिखर सम्मेलनमा तय गरिएको ढाँचाअनुसार अघि बढाइएको बताइएको छ । कतारी अधिकारीहरूका अनुसार इरानी प्रतिनिधिमण्डललाई राजकीय अन्त्येष्टिमा सहभागी हुन फर्किन सहज बनाउन वार्ता अस्थायी रूपमा स्थगित गरिएको छ भने अर्को चरणको वार्ता उपयुक्त समयमा पुन: सुरु गरिनेछ ।

# हर्मुजमा अमेरिकी भूमिकाप्रति इरानको आपत्ति

तेहरान, २ जुलाई (एएनआई) । इरानले पर्सियन खाडी र हर्मुज जलडमरुको सुरक्षा व्यवस्थामा अमेरिकी नेतृत्व स्वीकार्य नभएको स्पष्ट गर्दै क्षेत्रीय सुरक्षा बाह्य सैन्य गठबन्धनबाट नभई सम्बन्धित देशहरूले नै सुनिश्चित गर्नुपर्ने अडान दोहोऱ्याएको छ । इरानका कानुनी तथा अन्तर्राष्ट्रिय मामिलासम्बन्धी उपविदेशमन्त्री काजेम गरिबाबादीले बहराइनमा सम्पन्न अमेरिकी नेतृत्वको क्षेत्रीय सुरक्षा सम्मेलनको आलोचना गर्दै यस्तो धारणा सार्वजनिक गर्नुभएको हो ।

गरिबाबादीले सामाजिक सञ्जाल एक्समार्फत हर्मुज जलडमरु इरानको सुरक्षा अवधारणाअन्तर्गत पर्ने उल्लेख गर्दै त्यसको व्यवस्थापन अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले निर्धारण गर्न नसक्ने बताउनुभयो । बहराइनमा आयोजित सैन्य सम्मेलनले पर्सियन खाडीको कानुनी व्यवस्था वा सुरक्षा संरचना तय गर्न नसक्ने उहाँको भनाइ थियो ।

उहाँले क्षेत्रीय स्थायित्व विदेशी सैन्य उपस्थितिबाट सम्भव नहुने उल्लेख गर्दै अमेरिकी हस्तक्षेपको अन्त्य, क्षेत्रबाट अमेरिकी सेना फिर्ता, सम्बन्धित देशहरूको सार्वभौमिकताको सम्मान तथा बदलिँदो भूराजनीतिक यथार्थको स्वीकारोक्तिबाट मात्रै दीर्घकालीन सुरक्षा सुनिश्चित हुने धारणा राख्नुभयो ।



गरिबाबादीको प्रतिक्रिया बहराइनमा अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) को पहलमा सम्पन्न क्षेत्रीय सुरक्षा सम्मेलनपछि आएको हो । उक्त सम्मेलनमा बहराइन, इजिप्ट, जोर्डन, कुवेत, लेबनान, ओमान, कतार, साउदी अरेबिया, सिरिया, संयुक्त अरब इमिरेट्स र यमनका वरिष्ठ सैन्य अधिकारी सहभागी भएका थिए । सम्मेलनमा सेन्टकमका कमान्डर एडमिरल ब्राड कुपरले नेतृत्व गर्नुभएको थियो ।

बैठकमा हर्मुज जलडमरु हुँदै हुने अन्तर्राष्ट्रिय व्यापारिक जहाजको निर्बाध आवागमन सुनिश्चित गर्ने साझा प्रतिबद्धतामाथि छलफल भएको सेन्टकमले जनाएको छ । साथै क्षेत्रीय सुरक्षा, रक्षा सहकार्य र विकसित सुरक्षा चुनौतीहरूको सामना गर्न आपसी समन्वय विस्तार गर्ने विषयमा पनि सहभागी राष्ट्रहरूबिच सहमति भएको बताइएको छ ।

एडमिरल कुपरले क्षेत्रीय साझेदारहरूसँगको सहकार्यलाई सुरक्षा र स्थिरताको आधारका रूपमा उल्लेख गर्नुभएको छ । सेन्टकमका अनुसार यो सम्मेलनमा सिरिया र लेबनानका सैन्य अधिकारी पहिलो पटक अमेरिकी नेतृत्वको क्षेत्रीय सुरक्षा संवादमा सहभागी भएका हुन् ।

सेन्टकमले मध्यपूर्वमा सूचना आदानप्रदान, खतरा पूर्वसूचना र आकस्मिक प्रतिकार्यका लागि क्षेत्रीय साझेदारहरूसँग मिलेर हवाई तथा मिसाइल प्रतिरक्षा संयन्त्रलाई थप सुदृढ बनाउँदै आएको पनि जनाएको छ ।

## विश्व सङ्क्षेप

### पाकिस्तानमा वर्षाजन्य घटनामा ११ जनाको मृत्यु, २७ घाइते

इस्लामाबाद, २ जुलाई (सिन्हवा) । भारी मनसुनी वर्षासँगै आएको आँधीबेहरी र तीव्र हावाले प्रहार गर्दा पाकिस्तानमा कम्तिमा ११ जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको अधिकारीहरूले बिहीबार बताएका छन् ।

प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएमए) का अनुसार उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तमा, एक महिला र तीन जना बच्चासहित छ जनाको मृत्यु भएको छ भने १९ जना घाइते भएका छन् । वर्षाले दुईवटा घरहरूलाई पूर्ण रूपमा क्षतिग्रस्त बनाउनुका साथै ३८ वटा घरलाई आंशिक क्षति पुगेको जनाइएको छ ।

पूर्वी पञ्जाब प्रान्तमा, अटक जिल्लामा भारी वर्षाका कारण पर्खाल ढल्दा दुई जना बच्चाहरूको मृत्यु हुनका साथै अन्य ३ जना घाइते भएको जनाइएको छ । यसैगरी, दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा, एक महिला र बच्चाहरूसहित तीन जनाको ज्यान गएको र अन्य ५ जना घाइते भएको बताइएको छ ।

अधिकारीहरूले आगामी दिनमा थप वर्षाको चेतावनी दिँदै जोखिमपूर्ण क्षेत्रका बासिन्दाहरूलाई आकस्मिक बाढी, पहिरो र वर्षासँग सम्बन्धित अन्य खतराहरूविरुद्ध सावधानी अपनाउन आग्रह गरेका छन् ।

### पाकिस्तानमा पर्यटक बोकेको डुङ्गा डुब्दा सात जनाको मृत्यु, एक बेपत्ता

इस्लामावबद (पाकिस्तान), २ जुलाई (सिन्हवा) । पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तको सैफुल्ला तालमा पर्यटक बोकेको डुङ्गा डुब्दा सात जनाको मृत्यु हुनुका साथै एक जना व्यक्ति बेपत्ता भएको प्रहरीले जनाएको छ ।

एउटै परिवारका आठ जना सदस्य बोकेको डुङ्गा स्वात जिल्लाको सुन्दर कलाम क्षेत्रमा पल्टिएर डुबानमा पर्दा दुर्घटना भएको जिल्ला प्रहरी अधिकारीलाई उद्धृत गर्दै मिडियाले जनाएका छन् ।

सात जना पीडितको शव बरामद गरिएको उद्धार टोली, प्रहरी अधिकारी र स्थानीय स्वयंसेवकहरूले बेपत्ता व्यक्तिको खोजी जारी राखेको जनाइएको छ ।

# जीवित गिलको उद्धार अन्तिम चरणमा

काटिया ला मार (भेनेजुयला), २ जुलाई (एएफपी) । भेनेजुयलामा गएको विनाशकारी जुम्ल्याहा भूकम्पको एक सातापछि पनि सातत्ले भवनको भग्नावशेषमुनि जीवित रहेका ४३ वर्षीय सुरक्षा गार्ड हर्नान गिलको उद्धार कार्य अन्तिम चरणमा पुगेको छ । सात देशका सयौं उद्धारकर्मीले लगातार तीन दिनदेखि चौबीसै घण्टा सञ्चालन गरेको अभियानपछि बुधबार साँझसम्म उनीहरू गुस्बिमार गोन्जालेजले यति धेरै देश एकजना व्यक्तिको उद्धारका लागि एकसाथ जुटेको दृश्य आफूले पहिलोपटक देखेको बताउँदै यसलाई चमत्कारजस्तै अनुभव भएको प्रतिक्रिया दिनुभयो ।

भूकम्पमा करिब दुई हजार ३०० जनाको मृत्यु भइसकेको छ भने हजारौं मानिस अझै बेपत्ता रहेकाले उद्धार कार्य निरन्तर जारी छ । गिलसम्म सुरक्षित रूपमा पुग्न उद्धारकर्मीहरूले थप क्षति



गिलको अवस्थिति रहेको स्थानबाट करिब एक मिटरको दूरीमा पुगेका थिए ।

गिल जून २४ मा आएको ७.२ र ७.५ म्याग्निच्युडका भूकम्पका बेला तटीय क्षेत्र काटिया ला मारस्थित आफू कार्यरत भवनको सुरक्षा बुथभित्र फस्नुभएको थियो । भेनेजुयला, चिली, संयुक्त राज्य अमेरिका, पोर्चुगल, कोस्टा रिका, एल साल्भाडोर र मेक्सिकोका उद्धार टोलीले संयुक्त रूपमा उद्धार अभियान सञ्चालन गरिरहेका छन् ।

चिलीको फायर सर्भिसले सार्वजनिक गरेको भिडियोमा गिलले टाउको चलाइरहेको देखिएको छ । उहाँले अनुहारमा मास्क लगाउनुभएको थियो भने दाहिने आँखामा चोटका कारण रगत देखिएको थियो । उहाँकी श्रीमती हुन नदिन भवनको जगलाई काठ र फलामले मजबुत बनाएका छन् । अभियानका क्रममा उहाँलाई पानी उपलब्ध गराइएको छ भने हावाको आपूर्तिका लागि विशेष ट्युबसमेत जडान गरिएको छ ।

उद्धार टोलीले दुई फरक दिशाबाट एकैसाथ मार्ग बनाएर अघि बढिरहेको जनाएको छ । चिलीको उद्धार टोलीका नेता क्रिस्टियन भेराका अनुसार भवनभित्र रहेका ठुला स्तम्भ र अस्थिर संरचनाका कारण गिलसम्म पुग्न निकै कठिन भएको छ । मङ्गलबार भवन केही सरेपछि सुरुमा बनाइएको ६० गुणा ६० सेन्टिमिटरको सुरुङमार्गको योजना त्यागेर नयाँ रणनीतिअनुसार उद्धार कार्य अगाडि बढाइएको उहाँले बताउनुभयो ।

# मेक्सिकन आतिथ्यको रौनकबिच उदास इरान
## विश्व कपबाट इरानको उदास बिदाइ !

(तिह्वानामा आफ्नो तीन हप्ता बसाईमा इरानका खेलाडीहरूले मेक्सिकनहरूसँग प्रेम र सम्मानको पारस्परिक सम्बन्ध स्थापित गरे ।)

इरानको तीतो-मीठो, व्यवस्थापनका (Logistics) हिसाबले जटिल, राजनीतिकरूपमा प्रभावित र हृदयविदारक विश्वकप यात्राले मेक्सिकोमा आशाको किरण फेला पार्‍यो । फूटबल टीम मेलीले सीमावर्ती सहर तिह्वानाका प्रशंसकहरूको तर्फबाट न्यानो बिदाइका साथ आफ्नो फिर्ती यात्रामा आधार शिविरबाट प्रस्थान गर्‍यो ।

इरान विश्वकपबाट आइतबार बाहिरिएको थियो । अस्ट्रियाले खेलको अन्तिम समय (९६ औं मिनेट) मा अल्जेरियाविरूद्ध बराबरी गोल गरेपछि; प्रतियोगिताको समूह चरणमा तेस्रो स्थान हासिल गर्ने उत्कृष्ट आठ टोली मध्येबाट इरान बाहिरिएको (अस्ट्रिया र अल्जेरिया दुवै छनोट भएको) थियो ।

सो नतिजाले इरानको नाटकीय २४ घण्टा समापन भयो । इरानले शनिबार इजिप्टसँग १-१ को बराबरी खेलेपछि नकआउट चरणको लागि आफ्नो भाग्यको नियन्त्रण गुमाएको थियो । उक्त खेल नाटकीय रूपमा समाप्त भयो जब अन्तिम क्षण (९३ औं मिनेट) मा इरानी जित सुनिश्चत गर्ने गोललाइ भार (VAR – Video Assistant Refree) जाँचपछि विवादास्पद रूपमा अफसाइड ठहर गरिएको थियो ।

फिफा विश्वकप २०२६ मा टीम मेलीको उपस्थितिको लागि व्यवस्थापन (Logistics) संयुक्त राज्य अमेरिका र इजरायलको इरान विरुद्धको जारी युद्धले निर्धारण गर्‍यो ।

प्रतियोगिता सुरु हुनुभन्दा केही समय अगाडि नै इरानले भिसा जटिलताको डरले आफ्नो आधार शिविर एरिजोना (अमेरिका) बाट तिह्वाना (मेक्सिको) मा सार्न बाध्य भयो । विरलै देखिने कडा व्यवस्थागत परिस्थिति (Logistical Condition) मा; अमेरिकामा खेल सम्पन्न भएको सिट्टी बजेको केही घण्टामै इरानी टोलीलाई मेक्सिको प्रस्थान गर्न बाध्य पारियो । इरानीहरूले बारम्बार आफ्ना खेलहरू उनीहरूविरूद्ध सक्रिय युद्धमा संलग्न देश (अमेरिका) बाहिर सार्न अनुरोध पनि गरेका थिए ।

तर, इरानले पहिलोपटक तिह्वानामा अवतरण गरेको क्षणदेखि नै मेक्सिकोले टोलीलाई खुला हातले स्वागत गर्‍यो । प्रत्येक समूह चरणको खेलको लागि यात्रा गर्नु अघि र पछि प्रशंसकहरू टोलीको होटलको परिधिमा पोस्टरहरू बोकेर र खेलाडीहरूबाट अटोग्राफ लिनका लागि पर्खिरहेका हुन्थे ।

**"आशा छ हाम्रो भेट फेरि हुनेछ"**

तीन हप्ताको दौरानमा विकसित भएको इरानी-मेक्सिकन पारस्परिक प्रेम तथा सम्मान; सामाजिक सञ्जाल र विश्वव्यापी अनलाइन दर्शकहरूमाफ पुग्यो भने टिम मेलीको मैदान बाहिरको कठिनाइहरूमा समर्थन गर्‍यो ।

सामाजिक सञ्जालमा पनि टोलीको मिडिया विभागले मेक्सिकोका जनतालाई उनीहरूको आतिथ्यको लागि धन्यवाद दिएको थियो ।

"तपाईंको व्यावसायिकता, तपाईंको समर्थनको र हाम्रो टोलीको खेलकुद यात्रा मात्र नभई हाम्रो प्रतिनिधिमण्डलले आफ्नो बसाइँको क्रममा सामना गरेको अनुचित र खेलप्रेमी भावनाविहीन व्यवहारलाई पनि समेटेकोमा धन्यवाद", मेक्सिकोस्थित इरानको दूतावासले सामाजिक सञ्जाल एस्क (X) मा पोस्ट गरेको



सन्देशमा भनिएको थियो ।

"तथ्यहरू सही र इमानदारीपूर्वक रिपोर्ट गर्ने तपाईंको प्रतिबद्धताप्रति हामी आभार छौं ।"




*जून २७, २०२६ मा मेक्सिकोको तिह्वानामा रहेको इरानी टोली बसेको होटल बाहिर मेक्सिकोका फ्यानहरू "इरान भाइ, तिमी अब मेक्सिकन भयौ" लेखिएको टोपी लगाएर इरानी टोलीको प्रतीक्षा गर्दै । (गियेर्मो आरियास/एएफपी)*

सन्देशले तिह्वानाका बासिन्दाहरूलाई विशेष धन्यवाद दियो । तिह्वानाले टोलीलाई "उदारता र वास्तविक आतिथ्यताका साथ स्वागत गरे जसले गर्दा हामीलाई घरमै भएको महसुस गरायो ।"

"हामी सबैको लागि, तिह्वाना छोड्नु साँच्चै गाह्रो महसुस भएको छ । हामीले यहाँ बनाएका सम्झनाहरू, हामीले बनाएका मित्रताहरू र हामीले पाएको स्नेह इरानी राष्ट्रिय टोलीका प्रत्येक सदस्यको हृदयमा सधैँभरि रहनेछ ।"

"धन्यवाद, हामी आशा गर्छौं कि हाम्रो बाटो फेरि एकअर्कासँग जुट्नेछ", सन्देशमा लेखिएको थियो ।

**"तिमी अब मेक्सिकन भयौं"**

सामाजिक सञ्जालमा राखिएका भिडियोमा इरानी टोलीले विश्वकप फूटबल र पानिनी स्टिकर पुस्तकमा हस्ताक्षर गरेको र प्रशंसकहरूसँग तस्बिर खिचाएको देखाइएको छ ।

मेक्सिकोका लागि इरानका राजदूत अबोल्फाजल पासान्डिदे र इरान फूटबल महासङ्घ (FFIRI) का महासचिव हेदायत मोम्बेनीले सप्ताहन्तमा समर्थकहरू र मिडिया प्रतिनिधिहरूसँग कुरा गरे र मेक्सिकोको आतिथ्यको लागि धन्यवाद दिए ।

साराएभोस्थित इरानी दूतावासले पनि इरानलाई विनम्रतापूर्वक आतिथ्य प्रदान गरेकोमा मेक्सिकोलाई धन्यवाद दियो, साथै टोलीमाथि अमेरिकाले गरेको दुर्व्यवहारलाई पनि उजागर गर्‍यो ।

"फिफाले भविष्यका आयोजक राष्ट्रहरू छनौट गर्दा बढी सावधानी अपनाउनुपर्छ; उनीहरू योग्य आयोजक हुन् र मानवीय सिद्धान्तहरूप्रति प्रतिबद्ध छन् भनी सुनिश्चित गर्नुपर्छ" एक्समा रहेको पोस्टमा लेखिएको थियो ।


दुई राष्ट्रबिचको सम्बन्धबाट प्रभावित सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले इरानी समर्थकहरूको समर्थनमा मेक्सिकोले प्रतियोगितामा धेरै अगाडि बढ्ने आशा गरेका थिए ।

इरानको प्रस्थानको दिनमा भावनाहरू चरम बिन्दुमा पुगेको थियो जब "इरान भाइ, तिमी अब मेक्सिकन भयौं" लेखिएको बेसबल टोपी लगाएका धेरै प्रशंसकहरू होटल बाहिर इरानी टोलीलाई बिदाइ गर्न पर्खिरहेका थिए ।

**-अनुशे इन्जिनियर**



*जून २८, २०२६ मा मेक्सिकोको तिह्वानास्थित एक होटलमा इरानका गोलकिपर अलिरेजा बेइरानभान्डले फ्यानहरूलाई अटोग्राफ दिँदै । (गाब्रिएला आउन् एड्गेइरा)*




*जून १४, २०२६ मा मेक्सिकोको तिह्वानामा रहेको होटल बाहिर इरानी टोलीका खेलाडीहरूलाई प्रशंसकहरूले खेलका लागि अमेरिका प्रस्थान अघि बिदाइ गर्दै । (जोबेथ टेरिके/ईपिये )*

# स्थानीय सरकार स्वायत्त हुनु आवश्यक

✍ **सत्यराम कासिछ्वा**

आफ्नो देश, जनता वा कुनै महान उद्देश्यका लागि सङ्घर्ष गरी आफ्नो ज्यान बलिदान गर्ने व्यक्तिलाई सहिद भनिन्छ । जसले कुनै व्यक्तिगत तथा पारिवारिक दु:ख कष्टलाई भुलेर न्याय, स्वतन्त्रता वा देशको हितको लागि लड्दा लड्दै ज्यानको बाजी राख्छ ।

सहिद भनेको देश, समाज वा कुनै आदर्शका लागि आफ्नो ज्यान बलिदान गर्ने व्यक्तिलाई जनाउने सम्मानसूचक शब्द हो । प्रजातन्त्र, लोकतन्त्र वा जनताको अधिकार स्थापित गर्नका लागि लड्दा ज्यान गुमाएका व्यक्तिलाई सहिद भनिन्छ ।

निरङ्कुश जहानियाँ राणा शासनविरुद्ध विद्रोह गरिएको आरोपमा वि.सं.१९३३ अर्थात् सन् १८७७ मा लखन थापा मगरलाई मृत्युदण्ड दिइएको थियो ।

वि.सं.१९९७ मा धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द तथा शुक्रराज शास्त्रीलगायतको नेतृत्वमा युवाहरूले देशका विभिन्न ठाउँबाट निरङ्कुश जहानियाँ राणा शासनविरुद्ध लड्दा चार जना युवालाई राणा शासनले मृत्युदण्ड दिइएको थियो ।

सहिदहरू निम्न उद्देश्यहरू प्राप्तिको लागि सङ्घर्षको मैदानमा उत्रेका थिए :

१) देश स्वतन्त्र बनाउन,
२) प्रजातन्त्र स्थापना गरी जनताको अधिकार सुनिश्चित गर्न,
३) अन्याय र अत्याचारको विरोध गर्न,
४) मानव अधिकारको रक्षा गर्न,
५) समानता र न्याय कायम गर्न,
६) देश र जनताको हितमा सुधार ल्याउन ।

नेपालमा निरङ्कुश जहानियाँ राणा शासनको अन्याय अत्याचारको विरुद्ध कुनै लोभलालचमा नफसी स्वतन्त्रताको निम्ति दशरथ चन्द, गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्री र धर्मभक्त माथेमाले आफ्नो ज्यानको बलिदान दिएका थिए । त्यसैले सहिद कुनै एक वर्ग विशेषको हुँदैन, समाजका विभिन्न वर्गका मानिसहरूले देश र जनताको लागि बलिदान दिएका हुन्छन् ।

निर्दलीय पञ्चायती व्यवस्था अन्त्य र २०४६ सालको आन्दोलन सफल भई बहुदलीय प्रजातन्त्र स्थापनाको लागि आफ्नो ज्यानको जोखिम मोलेर भक्तपुरका युवाहरूले शहादत प्राप्त गरेका थिए । भक्तपुरमा हरेक वर्षको फागुन ८ गतेलाई सहिद दिवसको रूपमा मनाइँदै आएको छ । भनपाले सहिदको सम्झनामा विभिन्न प्रतियोगितात्मक कार्यक्रम गर्दै आएको छ ।

सहिदभन्दा राष्ट्रपति तथा प्रधानमन्त्रीजस्ता सम्मानित पद र संस्था ठुलो हुन सक्दैन । त्यसैले, हरेक सरकारी कार्यालयले राष्ट्रिय तथा स्थानीय सहिदको योगदानलाई सम्मान गर्दै सहिद दिवस मनाउनुपर्छ ।

कुनै पनि सहिदले सरकारी सेवा सुविधा सरकार र राज्यबाट उपभोग गर्न पाउनुपर्छ भन्ने उद्देश्य र मान्यता राखेका हुँदैनन् । सहिदको सपना, सिद्धान्त र मान्यतालाई बिर्सेर सांसद, मन्त्री, जनप्रतिनिधि तथा सरकारी सेवामा प्रवेश गरेकाहरूले विभिन्न आजीवन सेवा सुविधा लिने नीतिनियम बनाउँदै आएका छन् । यसलाई समयानुकूल परिवर्तन गरिनुपर्छ ।

समयसमयमा परिवर्तनको लागि जनताको आन्दोलन नभएको होइन । आफ्नो जीवन र भावी पुस्तालाई अप्ठ्यारो नहोस् भनेर अन्तर्राष्ट्रिय नयाँ अभ्यासको रूपमा स्थानीय जनताको नजिकको स्थानीय सरकार सबल बनाउन स्वायत्त अधिकार दिनुपर्ने हो ।

विकेन्द्रीकरण र स्थानीय तहलाई सशक्त बनाउने अवधारणाअनुरूप नेपालमा स्थानीय स्वायत्त शासनको अवधारणा वि.सं. २०४७ मा बहुदलसहित आएको हो ।

नेपालको संविधान २०७२ मा सङ्घ, प्रदेशले स्थानीय सरकारलाई संविधान र सङ्घीय कानुनको सीमाभित्र रहेर शिक्षा, स्वास्थ्य, स्थानीय सडक, खानेपानी, सरसफाइ, स्थानीय कर सङ्कलन, योजना निर्माणजस्ता धेरै आफ्नो अधिकार प्रयोग गर्ने दिएको हुन्छ । जसलाई स्थानीय स्वायत्तता भएको स्थानीय सरकार भनिन्छ ।

सहिदको उद्देश्य र सपना तथा मान्यताहरूलाई समानतासहितको सामाजिक न्यायको सिद्धान्त, अन्याय अत्याचारविहीन समाज स्थापनाका लागि स्थानीय सरकारलाई स्वायत्तता बनाउनुपर्छ ।

***भेटिकन...***

पर्वहरू यहाँ उत्तिकै मनाइन्छ । बिस्का जात्रा, गाईजात्राजस्ता विश्व प्रसिद्ध जात्रा भक्तपुर नगरमै विशेष रूपले मनाइन्छ । पचपन्न झ्याले दरबार र तलेजु मन्दिरभित्रका भित्ता र अन्यत्र पनि पुराना भित्तेचित्र छन् । यहाँ ढुङ्गा, काष्ठ, धातुबाट बनेका पुराना मूर्तिहरू एवम् अन्य वस्तुहरू भएका म्युजियमहरू पनि छन् । भक्तपुर दरबार क्षेत्रमा रहेको चित्र सङ्ग्रहालय त विश्व प्रसिद्ध नै छ । बहाबही, मठ तथा विभिन्न मन्दिर र अन्य धार्मिक स्थलहरूमा परम्परागत, धार्मिक एवम् सांस्कृतिक गतिविधिहरू हुँदै आएका छन् । सामान्यत: भक्तपुर नगरभित्रको विभिन्न धार्मिक, सांस्कृतिक जात्रा पर्वहरूको केन्द्रको रूपमा यहाँ तलेजु मन्दिर रहँदै आएको छ । आफूलाई राजोपाध्याय, शर्मा, बज्राचार्य, जोशी, कर्माचार्य आदि भनी चिनाउने विद्वान् संस्कृतिकर्मीहरू आ-आफ्नो क्षेत्रमा परम्पराअनुसारको धार्मिक एवम् सांस्कृतिक क्षेत्रमा नेतृत्वकारी भूमिका निर्वाह गर्दै आएका छन् । जनताले पनि तिनीहरूलाई साथ दिँदै आएका छन् । यहाँको नवदुर्गा भवानीको नाच विशेष नाच हो भने अन्य जनस्तरका नाच, गुठी, दाफा भजनजस्ता धार्मिक एवम् सांस्कृतिक प्रक्रिया सञ्चालन भई नै रहेका छन् ।

थुप्रै विदेशी कला पारखीहरूले यहाँको तलेजु मन्दिरको प्रवेशद्वार सुर्वणद्वारको बेजोडले तारिफ गरेको पाइन्छ । काठमाडौं उपत्यकाका ती नै सहरहरूमा पाइने तलेजु मन्दिरहरूमा सबभन्दा पुरानो र मूल स्वरूपको देवी दर्शन गर्न यसै सुवर्णद्वारबाट भित्र गइन्छ । धारा, इनार र पोखरीहरू यस सहरका विभिन्न स्थानहरूमा पाइन्छन् भने यहाँको सुन्दर बस्तीको उत्तरी र दक्षिण भागमा दुई वटा नदी बगेर यहाँ बस्तीलाई घेरेको पाइन्छ । यहाँ विभिन्न एफएम रेडियो स्टेसन, हुलाक अड्डा, विद्यालय तथा उच्च विद्यालय, स्वास्थ्य सेवा, दूर सञ्चार आदिका साथै सफा सुग्घर सहरको रूपमा यो सहरले सम्मान पनि पाएकै छ । यो सबै यहाँका जनताको इच्छा, चाहना र परिश्रमका साथै योग्य नेतृत्वको समन्वयले गर्दा नै भक्तपुर नगर यो स्थितिमा रहेको हो; यहाँ पुरोहित वर्गमात्र होइन, कृषक, मजदुर प्राविधिक एवम् प्राज्ञिक वर्गले समान रूपले प्रयत्न गरेको र गर्दै पनि छन् - भक्तपुर नगरलाई यो अवस्थामा पुर्‍याउन । यस नगरले नेपालकै प्राचीन संस्कृति सभ्यतालाई प्रतिनिधित्व गर्दै आएको छ ।

यसरी युरोपको पुरानो भेटिकन सिटी र एसियाको पुरानो भक्तपुर सहरबिचको भौगोलिक अवस्था, ऐतिहासिकता, धार्मिक एवम् सांस्कृतिक गतिविधिहरू, देवदेवी, मानव, पशुपक्षी आदिका पुराना मूर्तिहरू, विभिन्न शैली र धर्मका धार्मिक स्थलहरू, धार्मिक र सांस्कृतिक महत्त्वका मठहरू, मन्दिरहरू, चैत्य, बिहार, कलाकृतिको मूर्तिहरू एवम् सांस्कृतिक जात्रा पर्वहरूको तुलना भेटिकन सिटीसँग गरिँदा धेरै नै समान रहेको हामी पाउँछौं । नेमकिपाका अध्यक्ष एवम् चिन्तक श्रद्धेय नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर सहरलाई भेटिकन सिटीजस्तै स्थापित गर्ने भनी गर्नुभएको परिकल्पना अति नै उपयुक्त र व्यावहारिक छ । यसले भक्तपुर सहरको मात्र होइन सिङ्गो नेपालकै गरिमा, महत्त्व बढाउनुका साथै हाम्रो पर्यटन व्यवसायमा उल्लेख्य तरिकाले बढोत्तरी हुनेमा दुविधा छैन । त्यसैले, कसैले पनि कुनैले पनि व्यक्तिगत वा अन्य कुनै कारणले आग्रह पूर्वाग्रह नराखी उहाँको एवम् भक्तपुरका जनताको परिकल्पनालाई साकार गर्न पाए सबैको भलो हुने निश्चित छ ।

**सन्दर्भ ग्रन्थहरू :**

१. सापकोटा, लिलाप्रसाद - विश्वका प्रमुख धर्म (सङ्क्षिप्त परिचय)
२. Publisher, Oxford University - A dictionary of world history, Illustrated Oxford Dictionary
३. Chatgpt - Open AI, 2026
४. Deepseek (Deepseek AI, 2026)

# २०२६ असार १९ को ऐतिहासिक महत्व

२०२५ साउन २ गते नवदुर्गा बहुमुखी सहकारी संस्थाका भ्रष्ट पदाधिकारीहरूलाई जन कारबाही गरेको पुग नपुग एक वर्षपछि अर्को घटनाको वातावरण तयारी भइरहेको थियो । साउन २ गतेको भ्रष्टाचारविरोधी आन्दोलनमा किसानहरूले सक्रिय भाग लिएका थिए । त्यसैले, तिनीहरूलाई अरू बेलाभन्दा असार (रोपाइँ) को बेला सास्ती गर्न सकिने देखी संस्थाका भ्रष्ट पदाधिकारीहरू आफ्नो बेइज्जतीको बदला लिने सुरमा थिए ।

असार महिनाको आधाआधी बितिसकेको थियो । खेतमा पानी पर्याप्त भएर पनि मल नभएकोले रोपाइँ हुन सकेको थिएन । कृषिप्रधान देशमा कृषि उत्पादन र किसानवर्गलाई सुविधा दिन खडा भएको सहकारी संस्थाका पदाधिकारीहरू जानी जानी कुनै प्रयास नगरी चुपचाप बसे । छेकथुन गरी भैंडा, बाख्रा र भैंसीसमेत बेच्न लगाई उठाएको बचत रकमले संस्थाका भ्रष्ट पदाधिकारीहरू व्यक्तिगतरूपमा नाफा कमाउन हेटौंडा चितवनबाट काठ, मकै, तोरी, सुर्ती आदि ल्याएर व्यापार गर्नमा व्यस्त थिए । संस्थाले भक्तपुरको साकोलान खौमा, चोछैं र गोल्मढीमा कृषिसम्बन्धी रासायनिक मल, बीउ आदि वितरण गर्ने डिपोहरू खोलेको थियो । असार नलाग्दै किसानहरू आफूलाई पायक पर्ने डिपोहरूमा मलको लागि धाउन थाले । तर, जहिले पनि आएको छैन भन्ने एकोहोरो जवाफले किसानहरू आजित भइसकेका थिए ।

२०२६ साल असार १७ गते किसानहरू आ-आफ्नो क्षेत्रको डिपोमा भेला भए । डिपोमा कार्यरत कर्मचारीसँग किसानहरूले मल नल्याउनाको कारण सोधे । सबै डिपोमा कर्मचारीहरूले आफूलाई कुनै जानकारी नभएको र संस्थाको जिम्मेवार पदाधिकारीसँग भेटे बेस हुने बताए । किसानहरू संस्थाका जिम्मेवार पदाधिकारीहरूलाई भेट्न तेखाचो टोल




(वंशगोपाल) मा गए । संस्थाको मुख्य कार्यालय त्यहाँ थियो । किसान जनता डिपोडिपोमा मल लिन आएको थाहा पाउनासाथ अर्कै व्यक्तिलाई का.मु. मेनेजर दिएर जिम्मेवार पदाधिकारीहरू भागिसकेका थिए । का. मु. मेनेजरसँग किसानहरूले मल नआउनाको कारण सोधे । धेरै समयको वादविवादपछि असार १९ गते मल ल्याउने लिखित वचन दिए र किसानहरू फर्के ।

असार १९ गते बिहान ८ बजेदेखि किसानहरू मल पाउने आशामा आ-आफ्ना बोराहरू लिएर तेखाचोमा गए । किसानहरूलाई मर्का परेको मल पाउने भएपछि ठुलो जमघट हुनु स्वाभाविक थियो । तर, त्यहाँ भ्रष्ट पदाधिकारीहरूले प्रहरी र गुण्डाहरू बोलाइराखेका थिए । प्रहरीहरू देखाएर जनतालाई तर्साउने र आफूले गरेका भ्रष्टाचार लुकाउने असफल प्रयास भ्रष्ट पदाधिकारीहरूले गरे । किसानहरूले कृष्णभक्त चगुठीसँग सोधे, "आज मल दिन्छु भनेको खोइ ?"

कृष्णभक्त चगुठीले संस्थामा पैसा नै छैन, केले मल ल्याउने र दिने भनी ओठेजवाफ दिए । उनको ओठेजवाफ सुनेर किसानहरू आक्रोशित भए । किसान कार्यकर्ताहरूले घरका जहान परिवारलाई नखुवाई, हामीलाई कुटेर, थुनेर उठाएको बचतको रकम खोइ भन्ने प्रश्नहरू राखे । प्रश्न सोध्ने अधिकार प्रत्येक बचतकर्तालाई थियो । तर, भ्रष्ट अध्यक्षले प्रशासनको आड र गुण्डाको भरोसामा तिमीहरूलाई हिसाब हेर्ने अधिकार छैन, तिमीहरूलाई के मतलब भन्ने ठाडो जवाफ दिए । किसानहरू उत्तेजित भए । कोही किसान त आवेशमा आएर मुख छोड्न थाले । कसैले हातपात गर्न थाले । तर, किसान कार्यकर्ताहरूले तिनीहरूलाई शान्त पारे । तत्कालै किसान भएर किसानहरूको दु:खमा मोज गर्ने भ्रष्ट कृष्णभक्त चगुठीलाई समाते र उल्टो टोपी लगाए । त्यसपछि, मल लिन आएका किसानहरूको जुलुस भयो । प्रहरी र गुण्डाहरूले जुलुसलाई रोक्ने प्रयास गरे । गुण्डाहरूले किसान नेता तथा कार्यकर्ताहरूलाई कुट्ने प्रयास गरे । अन्यायको विरोधमा लड्दै आएका किसानहरू ती गुण्डाहरूलाई भगाउन सफल भए । उल्टो टोपी लगाएका कृष्णभक्त चगुठीलाई नगर परिक्रमा गराए । नगर परिक्रमा गराउँदा भ्रष्टाचारविरोधी र किसान एकताको नाराले नगर घन्केको थियो । जुलुस गोल्मढी पुग्दा प्रहरीहरू आइपुगे र उनीहरूले भ्रष्टाचारीलाई कानुनी कारबाही गर्ने वचन दिए । कारबाही हुने आशाले किसानहरूले उनलाई प्रहरीको जिम्मा लगाए । जुलुस सभामा परिणत भयो । सभामा किसान कार्यकर्ताहरूले भ्रष्टहरूको भण्डाफोर गरे ।

चीनको हुनान किसान आन्दोलनको क्रममा भ्रष्टाचारीहरूलाई लामो टोपी लगाएर गाउँ घुमाइन्थ्यो । त्यही शिक्षाअनुसार चगुठीलाई उल्टो टोपी लगाई नगर परिक्रमा गरिएको थियो ।

यसै क्रममा भ्रष्टाचार गरेको अभियोगमा भक्तपुर नगर पञ्चायतका तत्कालीन सदस्य कृष्णभक्त चगुठीलाई असार २० गते नगर पञ्चायतबाट निष्कासन गरियो । यसरी भ्रष्टहरूलाई जनताले सजाय र जनप्रतिनिधिहरूले भ्रष्ट पञ्चलाई निकाला गरेपछि भ्रष्टहरू आत्तिए । असार २० गतेकै दिन भ्रष्टाचारीहरूले आफ्नै 'भाइ-बन्धु' हरूको सहयोगमा एक आमसभा राखे । भक्तपुर डीएसपी कार्यालय अगाडि राखिएको त्यस सभामा गणेशबहादुर खत्रीलगायतका वक्ताहरूले भ्रष्टाचारीहरूको समर्थनमा बोले । देशको सम्पूर्ण ऐन कानुनले अपराध मानिएको भ्रष्टाचारको विरोध गर्ने न्यायप्रेमी र भ्रष्टाचारविरोधी जनतालाई खत्रीलगायतले 'जेलमा हाल्नुपर्छ, जनताको अगाडि हामीलाई बेइज्जत गर्यो' भनेर दु:ख व्यक्त गरे ।

भ्रष्टाचारीहरूको मिलेमतोमा प्रशासनसँग भएको प्रमाण असारको अन्ततिर देखियो । प्रशासनले भ्रष्टाचार भएको देखेन र भ्रष्टाचारीलाई पनि चिन्न सकेन वा चाहेन । प्रशासकहरूको आँखामा भ्रष्टाचारीहरूको विरोध गर्ने किसान कार्यकर्ताहरू मात्र थिए । भ्रष्टाचार, अन्याय, अत्याचारका कट्टरविरोधी भएकाले तत्कालीन प्रधानपञ्च बाबुकाजी बासुकलालाई प्रहरीले नगर पञ्चायतको कुर्सीबाटै पक्राउ गरे । उल्टो टोपी लगाई कारबाही गरिएका भ्रष्ट कृष्णभक्त चगुठीलाई जिल्ला पञ्चायतको निमित उपसभापतिको कार्यभार सुम्पे । प्रशासनले नगर पञ्चायतको 'स्वायत्तता' मात्र होइन जनप्रतिनिधिको मान्यतालाई पनि अपमान गरेको यो उदाहरण हो ।

भक्तपुरका न्यायप्रेमी जनताले त्यसको घोर भर्त्सना र विरोध गरे । भ्रष्टाचारको विरोधमा भक्तपुरमा उठेको त्यो आवाज तत्कालीन व्यवस्थाको विरोधमा बन्दै गरेको आम जनमतमा एकाकार हुन पुग्यो । भक्तपुरको भ्रष्टाचारविरोधी आन्दोलनबाट देशभरिका जनताले ठुलो पाठ सिक्न पाए ।

***स्रोत: किसान सङ्घर्ष, कार्तिक २०६९***

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

एड्भान्स फोटोग्राफी तालिमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **दुईहप्ते एड्भान्स फोटोग्राफी तालिम**मा सहभागी हुन इच्छुक सदस्य एवं सदस्य परिवारलाई **मिति २०८३ असार २६ गतेभित्र** आफ्नो नाम दर्ता गराउन सूचित गराइन्छ ।

**तालिम**
शुभारम्भ मिति : २०८३ असार २८ गते, आइतबार
समय : बिहान ६:०० देखि ८:०० बजेसम्म
स्थान : सिद्धि गणेश तालिम हल, खँचा
दर्ता शुल्क : रू. २०००।- प्रति व्यक्ति

***पुनश्च :*** *तालिममा बढीमा १५ जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

**युवा उपसमिति**

अनिवार्य शिक्षा शिविरसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा **अनिवार्य शिक्षा शिविर** सञ्चालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

**कार्यक्रम**
मिति : २०८३ असार २० गते, शनिबार
समय : बिहान ७:०० बजेदेखि
स्थान : सिद्धि गणेश तालिम हल, खँचा

**शिक्षा उपसमिति**

अभिमुखीकरण कार्यक्रमसम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहायका मिति, समय र स्थानमा हुने **मेनोपज (महिनावारी सुक्ने) सम्बन्धी अभिमुखीकरण कार्यक्रम**मा सहभागी हुन सम्बन्धित सम्पूर्णमा सूचित गराइन्छ ।

**कार्यक्रम**
मिति : २०८३ असार २१ गते, आइतबार
समय : दिउँसो १:०० बजेदेखि
स्थान : सिद्धि गणेश तालिम हल, खँचा

**लघुवित्त तथा बचत समूह परिचालन उपसमिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

# आफ्नो नामको जग्गा आवास आयोजनामा किन पाएनन् ?

*प्रिय सम्पादकज्यू*
*'मजदुर' दैनिक*
*भक्तपुर ।*

बाहिर हामीले सुनेका र बुझेका विषयमा केही भन्नु छैन । तर, सबभन्दा ठुलो रकम खर्च भइरहेको धेरै वर्ष लागेको देको मिवा इटापाको योजनाको केही पीडित भनिएका मानिसहरूले गुनासो सुन्दा आश्चर्य लाग्छ ।

आजको सञ्चारको बेलामा पनि ती पीडितहरूको समस्याबारे किन कोही बोल्दैनन् - जिम्मेवारीपूर्वक ? कुराकानी सुन्दा एक पक्षले अर्को पक्षलाई दोष दिएको हो कि केही नखुलेको खुलाउन नचाहेको विषय पनि छ । ठुलो विषयमा नभई एक जना पीडित भनिएका व्यक्तिको बारे मात्रै यहाँ उल्लेख गर्न चाहन्छु । उनको नाम हो - तुल्सीभक्त कोजू ।

उनी बारम्बार घर-घरमा पुगी आफ्नो दुखेसो पोख्छन् । उनको गुनासो हो - मेरो नयाँ नक्साको जग्गामा पुरानो जग्गाधनीले छोडेन । मेरो पुरानो जग्गामा नयाँ व्यक्तिले २ वर्ष बाली खाइसक्यो । अब यसको उपाय के हो ? अरू जिम्मेवार भन्ने मानिसहरूले हामी होइनौं भन्छन् । उनी बारम्बार आफ्नो मर्का सुनाइरहन्छन् ।

एक जना जोताहा किसानको 'मजदुर' दैनिकमार्फत आफ्नो गुनासोलाई सम्बन्धित व्यक्ति र जनताको ध्यान आकर्षित गर्न अनुरोध गर्छन् ।

*- जिल्ला शिक्षा कार्यालयका एक छिमेकी*

# कर्णाली प्रदेश सरकारको उच्च प्राथमिकतामा मानसिक स्वास्थ्य

कर्णाली, १८ असार । मौन स्वास्थ्य समस्याका रूपमा बढ्दै गएको मानसिक स्वास्थ्यलाई कर्णाली प्रदेश सरकारले उच्च प्राथमिकतामा राखेको छ ।

सामाजिक विकास मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठ मानसिक स्वास्थ्य प्रदेश सरकारको उच्च प्राथमिकता रहेको बताउनुभयो ।

स्वीस विकास नियोगको सहयोग तथा युनिसेफ, युएनएफपिए, डब्लुएचओको समन्वयमा कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्वारा बिहीबार वीरेन्द्रनगरमा आयोजित 'मानसिक स्वास्थ्य सहयोग कार्यक्रम' मा सचिव श्रेष्ठले पछिल्लो समयमा भुसको आगोझैँ फैलिँदै गएको मानसिक स्वास्थ्य सुधारमा सरकारका साथै विकास साझेदारको सहयोग त्यत्तिकै आवश्यक रहेको बताउनुभयो ।

प्रदेश सरकारले मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीति कार्यान्वयनमा ल्याएको छ । यसमा विकास साझेदारले स्वीकृत मानसिक स्वास्थ्य रणनीतिको लक्ष्य पूरा हुने र नतिजा आउने गरी आफ्नो कार्यक्रम ल्याउन पर्ने आवश्यकतामा सहभागीले जोड दिनुभएको छ ।

स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतमा निर्देशक डा. रवीन खड्काले कर्णाली प्रदेशको समग्र मानसिक स्वाथ्यमा प्रभाव पार्ने र औचित्य पूरा हुने कार्यक्रम कार्यान्वयन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ) का कर्णाली प्रदेश प्रमुख प्रदीप अधिकारीले मानसिक स्वास्थ्य सहयोग कार्यक्रममार्फत यसबाट यहाँका ५५ हजार नागरिक लाभान्वित हुने बताउनुभयो ।

डब्लुएचओका प्राविधिक मामिला हेर्ने डा. हिरोशी एजुमाले कर्णाली र यहाँको वस्तुस्थितिलाई बुझेर कार्यक्रमलाई सघन बनाएर लैजाने जानकारी दिनुभयो ।

डब्लुएचओकै स्वास्थ्य अधिकृत विन्दु पन्थीले बिहीबारदेखि सुरु गरिएको मानसिक स्वास्थ्य सहयोग कार्यक्रम परीक्षण परियोजनाको रुकुम पश्चिमका त्रिवेणी, सानीभेरी, बाँफिकोट गाउँपालिका र चौरजहारी नगरपालिकामा तथ्याङ्क सङ्कलनमा प्राविधिक सहयोग गरिने जानकारी दिनुभयो । परियोजनाअन्तर्गत बिरामी पत्ता लगाउने, उपचारको दायरामा ल्याउने र टेलिमिडिसन सेवाका लागि सरकारलाई सहयोग कार्यक्रम सन् २०२८ डिसेम्बरसम्म सञ्चालन हुनेछ ।

मन्त्रालयका स्वास्थ्य सेवा महाशाखाका अधिकृत खगेन्द्रप्रकाश गैरले मानसिक स्वास्थ्य सेवा कर्णालीका १० वटै जिल्लाबाट प्रवाह भइरहेको बताउनभयो । ***(रासस)***

विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

***जाँचबुझ...***

**स्मृति राईको कागज व्यहोरा** :

२०८२ भदौ २३ गतेको प्रदर्शनमा मेरो पूर्ण सहभागिता थियो । प्रदर्शनको क्रममा हामी संसद् भवन दक्षिणतर्फको गेटमा पुग्यौं । हामीले "शान्तिपूर्ण धर्ना बस्छौं स्थान छुट्याइ दिनुहोस्" भन्दा प्रशासनबाट सुनुवाइ भएन, उल्टो प्रहरीबाट लाठीचार्ज, अश्रुग्यास प्रहार भयो । संसद् भवनको दक्षिण ढोकासँगै भित्रपट्टिको सानो घरमा करिब १०/१५ जना आन्दोलनकारी चढेर नारा जुलुस गरिरहेको देखें । उक्त भवनको छानोमा चढेका एक जना व्यक्तिको शरिरबाट रगत बगिरहेको देखें । मैले २/३ जना मानिसको सहयोगमा घाइतेलाई छतबाट तल झारें । मैले "सरकार जनताको छोरा छोरीलाई गोली चलाउने आदेश कसले दियो ?" भन्दै गर्दा अचानक मेरो दाहिने खुट्टाको घुँडामुनि दुई ठाउँमा गोली लाग्यो । गोली लागेपछि म आत्तिँदै हारगुहार गर्दा साथीहरूले मलाई एम्बुलेन्समा राखेर नजिकैको सिभिल अस्पताल पुर्‍याए । त्यसपछि म अस्पतालमा तीन दिनको उपचारपछि डिस्चार्ज भएको छु ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा